# प्रदेश सभा

# गण्डकी प्रदेश

## नवौं अधिवेशन

## (पहिलो बैठक)

### मिति २०७८/११/२६ गते, बुधवार, दिनको १.०० बजे

प्रदेश सभाको  नवौं अधिवेशनको पहिलो बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १:०८ बजे बस्यो।

## माननीय सभामुख

माननीय सदस्यहरु, प्रदेश सभाको नवौं अधिवेशनको पहिलो बैठकको कारवाही प्रारम्भ हुन्छ। सर्वप्रथम, यस प्रदेश सभाको नवौं अधिवेशनको पहिलो बैठकमा उपस्थित सबै माननीय सदस्यहरुलाई हार्दिक स्वागत गर्दछु।

अब लोकतन्त्र प्राप्तिका लागि जनयुद्ध, जन आन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट मौन धारण गरौं।   ..............................

धन्यवाद।

माननीय सदस्यहरु, नेपाल लगायत विश्वभर फैलिरहेको कोभिड १९ को महामारीको कारण हामी प्रभावित भएका छौं। यस महामारीबाट ज्यान गुमाउन परेका देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै यस महामारीबाट प्रभावित भएका सम्पूर्ण नेपालीहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

माननीय सदस्यहरु, माननीय प्रदेश प्रमुखबाट यो अधिवेशन आह्वान सम्बन्धी पत्र प्राप्त हुन आएको छ। सो को व्यहोरा म पढेर सुनाउँछु।

मितिः २०७८/११/१०

विषयः गण्डकी प्रदेश सभाको अधिवेशन आव्हान सम्बन्धमा ।

श्री माननीय सभामुखज्यू,

प्रदेश सभा, गण्डकी प्रदेश, पोखरा।

प्रदेश सरकार गण्डकी प्रदेश, मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको अधिवेशन संवत २०७८ साल फागुन २६ गते विहीवार दिनको एक बजेदेखि प्रदेश सभा भवन, पोखरामा आरम्भ हुनेगरी आव्हान गरेको छु।

पृथ्वीमान गुरुङ
प्रदेश प्रमुख

माननीय सदस्यहरु, प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेश, पोखराबाट विधेयक प्रमाणिकरण सम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो को व्यहोरा म पढेर सुनाउँछु।

मितिः- २०७८/०६/०८

बिषयः- प्रमाणिकरण सम्बन्धमा

श्री प्रदेश सभा सचिवालय,
गण्डकी प्रदेश, पोखरा ।

प्रस्तुत बिषयमा ताहाँको च.नं. ७२ मिति २०७८/०६/०८ को पत्र सहित प्राप्त प्रदेश सभाबाट पारित विधेयकहरु मिति २०७८/०६/०८ मा माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणिकरण भएकोले प्रत्येकको १/१ प्रति विधेयक यसैसाथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

१. गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२. प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुबिधा सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०७८

हरि प्रसाद बाँस्तोला
सचिव

माननीय सदस्यहरु, प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेश, पोखराबाट मन्त्रिपरिषद हेरफेर तथा कार्यविभाजन सम्बन्धी जानकारी पत्रहरु प्राप्त हुन आएका छन् । सो को व्यहोरा म पढेर सुनाउँछु।

मितिः-
२०७८/०६/३१

बिषयः जानकारी सम्बन्धमा ।

श्रीमान सचिवज्यू
प्रदेश सभा सचिवालय,
गण्डकी प्रदेश, पोखरा।

माननीय प्रदेश प्रमुख श्री पृथ्वीमान गुरुङद्वारा मिति २०७८/०६/२५ मा नेपालको संबिधानको धारा १६८ को उपधारा (९) बमोजिम मिति २०७८/०२/२९ र मिति २०७८/०४/०८ मा गठित मौजुदा मन्त्रिपरिषदमा माननीय मुख्यमन्त्रीज्यूको सिफारिसमा देहाय बमोजिम हेरफेर गरी कार्य विभाजन गर्नुभएको

व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

| क्र.सं. | नाम/थर | पद | कार्य विभाजन |
|---|---|---|---|
| १ | माननीय कृष्ण चन्द्र नेपाली पोखरेल | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद, |
| २ | माननीय कुमार खड्का | मन्त्री | भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था |
| ३ | माननीय रामजी वराल | मन्त्री | अर्थ |
| ४ | माननीय हरिशरण आचार्य | मन्त्री | उर्जा, जलस्रोत तथा खानेपानी |
| ५ | माननीय राजिव गुरुङ | मन्त्री | युवा तथा खेलकुद |
| ६ | माननीय मणिभद्र शर्मा | मन्त्री | पर्यटन, उद्योग, बाणिज्य तथा आपूर्ति |
| ७ | माननीय मेखलाल श्रेष्ठ | मन्त्री | शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास |
| ८ | माननीय मधु अधिकारी गुरुङ | मन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| ९ | माननीय चन्द्र बहादुर बुढा | मन्त्री | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण |
| १० | माननीय विन्दु कुमार थापा | मन्त्री | कानून, सञ्चार तथा प्रदेश सभा मामिला |
| ११ | माननीय दिपक थापा | मन्त्री | वन, वातावरण तथा भूसंरक्षण |
| १२ | माननीय डोबाटे विश्वकर्मा | मन्त्री | विना विभागिय |

हरि प्रसाद बाँस्तोला

सचिव

मितिः-

२०७८/०९/१४

बिषयः जानकारी सम्बन्धमा ।

श्रीमान सचिवज्यू
प्रदेश सभा सचिवालय,
गण्डकी प्रदेश, पोखरा।

मानननीय प्रदेश प्रमुख श्री पृथ्वीमान गुरुङद्वारा मिति २०७८/०९/१४ मा नेपालको संबिधानको धारा १६८ को उपधारा (९) बमोजिम मिति २०७८/०६/२५ मा गठित मौजुदा मन्त्रिपरिषदमा माननीय मुख्यमन्त्रीज्यूको सिफारिसमा देहाय बमोजिमको हेरफेर गरी कार्य विभाजन गर्नुभएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

| क्र.सं. | नाम थर/ | पद | कार्य विभाजन |
|---|---|---|---|
| १ | माननीय कृष्ण चन्द्र नेपाली पोखरेल | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद, |
| २ | माननीय कुमार खड्का | मन्त्री | भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था |
| ३ | माननीय रामजी वराल | मन्त्री | अर्थ |
| ४ | माननीय हरिशरण आचार्य | मन्त्री | उर्जा, जलस्रोत तथा खानेपानी |
| ५ | माननीय राजिव गुरुङ | मन्त्री | युवा तथा खेलकुद |
| ६ | माननीय मणिभद्र शर्मा | मन्त्री | पर्यटन, उद्योग, बाणिज्य तथा आपूर्ति |
| ७ | माननीय मेखलाल श्रेष्ठ | मन्त्री | शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास |
| ८ | माननीय मधु अधिकारी गुरुङ | मन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| ९ | माननीय चन्द्र बहादुर बुढा | मन्त्री | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण |

| | | | |
|---|---|---|---|
| १० | माननीय विन्दु कुमार थापा | मन्त्री | कानून, सञ्चार तथा प्रदेश सभा मामिला |
| ११ | माननीय दिपक थापा | मन्त्री | वन, वातावरण तथा भूसंरक्षण |
| १२ | माननीय डोबाटे विश्वकर्मा | मन्त्री | आन्तरिक मामिला |

हरि प्रसाद बाँस्तोला
सचिव

नवगठित मन्त्रिपरिषदमा नियुक्ति हुनुभएका माननीय मन्त्रीज्युहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछु।

माननीय सदस्यहरु, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश,पोखराबाट जानकारी सम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो को व्यहोरा म पढेर सुनाउँछु।

मितिः-
२०७८/०९/२१

बिषयः जानकारी सम्बन्धमा ।

श्री प्रदेश सभा सचिवालय,
गण्डकी प्रदेश, पोखरा।

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषदको मिति २०७८/०९/१२ गतेको निर्णयानुसार गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचीमा हेरफेर भई साविक ११ वटा मन्त्रालयमा आन्तरिक मामिला मन्त्रालय थप हुँदा १२ वटा मन्त्रालय कायम भएको व्यहोरा जानकारीको लागि आदेशानुसार अनुरोध छ ।

राम प्रसाद पौडेल
शाखा अधिकृत

मानननीय सदस्यहरु, अब यस सभाको नवौं अधिवेशनको प्रथम बैठकको अवसरमा माननीय सदस्यहरुलाई आफ्ना भनाइ राख्न समय दिन्छु।

सर्वप्रथम, म माननीय सदस्य श्री पियारी थापालाई बोल्न समय दिन्छु।

## माननीय पियारी थापा

माननीय सभामुख महोदय, हामी लामो समयको अन्तरालपछि आरम्भ हुन लागेको नवौं अधिवेशनमा जुटिरहेका छौं र यो नवौं अधिवेशन एउटा सफलताको शुभकामना मेरो दलको तर्फबाट राष्ट्रिय जनमोर्चा संसदीय दलको तर्फबाट यसलाई सफलताको शुभकामना प्रकट गर्न चाहन्छु सर्वप्रथमतः। यो अहिले जुन स्थितिमा यो नवौ अधिवेशन सुचारु हुन गइरहेको छ यो अत्यन्तै विकराल अवस्थामा देशको परिस्थिति यो राष्ट्रको परिस्थिति यस्तो अवस्थामा यो अधिवेशन सुचारु हुन गइरहेको छ र यो अधिवेशनले यी सबै मुद्दाहरुमा एउटा देशको पक्षमा, जनताको पक्षमा र यहाँको जनजीविकाको पक्षमा राम्रो तरिकाले बहस, छलफल गरेर समस्याको समाधान गर्नका निमित्त एउटा सफल हुनेछ भन्ने कुराको पनि मैले विश्वास लिएको छु र म यही शुभकामना व्यक्त गर्न चाहन्छु र वास्तवमा भन्ने हो भने यो अधिवेशन अहिले हामीले जुन अधिवेशन गरिरहेका छौं यो अधिवेशन भनेको विधेयक अधिवेशन हो। हामीले विधेयक अधिवेशन भनिरहँदाखेरि अहिले सम्म बनेका कानूनहरुको के कति कार्यान्वयन भए त भन्ने कुराहरु पनि आउँछन् होला जस्तो मलाई लाग्छ। विधेयक मात्रै बनाएर सोकेसमा राखेर हामीले दराजमा राखेर त्यो दराजबाट हामीले त्यसलाई धुलो उडाउने मात्रै हो कि त्यसलाई तल्लो स्तरमा जनस्तरमा कार्यान्वयन गर्ने हो भन्ने कुरा पनि मुख्य हुन् जस्तो मलाई लाग्छ। त्यसकारणले गर्दाखेरि सर्वप्रथमतः मौलिक अधिकार सम्बन्धी हामीले कानून बनाउने कुरा एउटा छ सरकारलाई म त्यतातिर ध्यान आकर्षण गराउन चाहन्छु। मौलिक अधिकार सम्बन्धी कानूनहरु

निर्माण गर्ने कुरा र त्यसलाई कार्यान्वयन गर्ने कुरा र संविधान, गणतन्त्र, धर्म निरपेक्ष र राष्ट्रिय स्वाधिनताको कुराको निमित्त पनि एउटा पहरेदार भएर गण्डकी प्रदेश सरकार लाग्नेछ भन्ने कुरा पनि मैले अनुरोध गर्न चाहन्छु र अर्को कुरा वार्षिक बजेटको प्रभावकारी कार्यान्वयन पनि मुख्य कुरा हो जस्तो लाग्छ मलाई। वार्षिक बजेटहरु हामीले विनियोजन त गर्‍यौं तर त्यसको कार्यान्वयन पनि सफलीभूत रुपमा भयो कि भएन र यसको विषयमा पनि हामी बहस गरेर यो संसदबाट यो रोष्टमबाट हामीले सरकारलाई चाहि यो प्रति जिम्मेवार बनाउने कुरामा हामी सबै माननीय सदस्यहरुले अत्यन्तै महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछौं भन्ने कुराहरु पनि म यहाँ राख्न चाहन्छु। र अर्को कतिपय नीतिगत कुराहरु चाहि छन् । जुन हामीले वार्षिक रुपमा वार्षिक कार्यक्रममा सदनबाट हामीले बहुमतका साथ पास गरेका छन् कतिपय कार्यक्रमहरु नीति कार्यक्रमहरु। ती कार्यक्रमहरु कार्यान्वयनमा जान सकेका छैनन्। नीतिगत रुपमा हामीले जुन वार्षिक रुपमा हामीले सदनबाटै हामीले त्यसलाई पास गरेर पठायौं। सदनबाटै हामीले त्यसलाई बहुमत दिएर पठायौं तर ती कार्यक्रमहरु चाहि अहिले सम्म कार्यान्वयन हुन सकेका छैनन्। नीतिगत रुपमा त्यसलाई के कारणले ढिलासुस्ती भइराखेको छ ती विषयहरु पनि जटिल हुन् जस्तो मलाई लाग्छ किनभने जनता सरकार जनताको एउटा सहजकर्ता हो। सरकारले जनताको अभिभावकत्व भूमिका निर्वाह गर्नुपर्छ। जनता बजेट परिसकेपछि जनताहरु स्वभावतः आशा गर्छन्। आशा गरिसकेपछि बारम्बार त्यहाँ धाउँछन् तर पनि त्यो नीतिगत कारणले गर्दाखेरि नीतिगत निर्णयमा भएको ढिलासुस्तीका कारणले ती जनताहरु चाहि मारमा परिरहेको अवस्था छ त्यसकारणले गर्दाखेरि यी विषयहरुमा पनि सरकारले विशेष चासोका साथ काम गरोस् भन्ने मैले अनुरोध गर्न चाहन्छु र अर्को चाहि वर्तमान सरकारको हालत मैले अहिलेको सरकारको अलिकति हालत देख्दाखेरि मैले किन प्रतिपक्षमा रहेर सरकारलाई समर्थन गरे तापनि हामीले आलोचनात्मक समर्थन गरेका छौं भनेर हामीले स्पष्ट रुपमा भनिसकेका छौं त्यसकारणले गर्दाखेरि अहिलेको सरकारको आलोचना गर्ने कुरामा हामीले त्यो पनि हाम्रो दायित्व हो जस्तो मलाई

लाग्छ त्यसकारणले अहिलेको सरकारको परिस्थिति हेर्दाखेरि बाटो हाइग्रेडको बाटो छ तर गाडी टु ह्वील वाला गाडी छ र त्यसलाई हाँक्नका निमित्त त्यो सक्षम नेतृत्व छ कि छैन भन्ने कुरा पनि होला र अहिले टु ह्वील गाडीलाई हाइग्रेडको बाटोमा हामीले कुदाउनका निमित्त र त्यो उद्देश्य प्राप्ति गर्नका निमित्त हामी सबैले त्यो खालको कुनै पनि दलको दलको स्वार्थ भन्दा माथि उठेर जनताको हितलाई ध्यानमा राखेर र राष्ट्रको हितलाई ध्यानमा राखेर गर्नुपर्ने जरुरी छ किनभने यो कारणले गर्दाखेरि उसलाई सफल पारे उसलाई असफल पारे भन्दा पनि यो देशको यो प्रदेशको जनजीविकाको सवाल छ। यो प्रदेशको जनताको जीवनस्तरको सवाल छ र यो प्रदेशमा जनताहरुले चाहेको आकाङ्क्षाको सवाल पनि छ र प्रदेश सरकारप्रति हेर्ने मैले प्रदेश सरकारबाट के हामीले पाउँछौं त के अनुभूति पाउँछौं त भन्ने जनताहरुमा पनि त्यो आकाङ्क्षा छ त्यसकारणले गर्दा पनि यो विषयलाई पनि दलगत स्वार्थ भन्दा माथि उठेर र एउटा नीति निर्णय गर्ने कुरामा निर्णय गर्ने कुरामा एउटा फोर ह्वीलकै गाडी कुदाओस् भन्ने पनि मैले यहाँनेर राख्न चाहन्छु। फोर ह्वील वाला गाडी होस् एउटा पाँग्रा एकातिर लर्खरिने अर्को पाँग्रा अर्कोतिर लर्खरिने अर्को पाँग्रा अर्कोतिर लर्खरिने त्यसले के हालत बनाउँछ ? त्यसले दुर्घटना निम्त्याउँछ त्यसकारण त्यस्तो खाले दुर्घटना ननिम्त्योस् भनेर यो प्रदेशबासीले त्यस्तो दुर्घटनाको बितन्णा भोग्न नपरोस् भनेर मैले यहाँनेर सुझाव दिन चाहन्छु र त्यसलाई विशेष गरीकन अहिलेको सरकारले वर्तमान सरकारले विशेष ध्यान दिओस् र त्यही अनुरुप काम गरोस् भन्ने पनि मैले यहाँनेर राख्न चाहन्छु र अहिले देशको परिस्थिति हेर्ने हो भने देशको परिस्थिति हेर्ने हो भने अत्यन्तै नाजुक अवस्थामा छ। जर्जर अवस्थामा छ। बेथिति, भ्रष्टाचार सबै कुराले अत्यन्तै स्थिति बिकराल अवस्थामा छ, बिकराल अवस्थामा छ। अहिले बेथितिको कुरा गर्ने हो भने संघीय संसद् अहिले ६ महिना सम्म अवरुद्ध छ। अर्को न्यायपालिकामा त्यस्तै खालको बेथितिहरु छ। कार्यपालिकामा त्यही खालको बेथितिहरु छ। अहिले जनप्रतिनिधिहरुको लगभग दुई महिना पछि दुई महिनाको अवधि पछि कार्यकाल समाप्त हुँदैछ र ती कार्यकाल अवधि

सक्दा बित्तिकै यो ५ वर्षको अवधिमा अहिले जुन उहाँहरुको त्यो अख्तियारमा त्यसपछि अदालतमा त्यो खालको मुद्दा मामिलाहरुको चाङ छ यसले हेर्दाखेरि देशमा अत्यन्तै भ्रष्टाचारको विकराल अवस्था छ त्यो मलाई यो लाग्छ यसकारण त्यो कुरा गर्दाखेरि भ्रष्टाचारलाई न्यूनीकरण गर्ने कुरामा प्रदेश सरकारको पनि विशेष ध्यान होओस् भन्ने मैले अनुरोध गर्न चाहन्छु र अर्को कुरा चाहि यो मूल्य वृद्धिको कुरा। अहिले मान्छेहरुमा यो खालको परिस्थिति श्रृजना भएको छ। हिजो डेढ सयमा पाइने तेल अहिले तीन सय लगभग तीन सय भन्दा धेरै पुग्न थालिसक्यो खाने तेल। नूनको अवस्था त्यस्तै छ। खाद्य सामग्रीमा भएको यो खालको परिस्थितिले गरिबहरुले गरिब निमुखा जनताहरुले बाँच्न नपाउने हो त। कि गरिब निमुखा जनताहरुको लागि यो देशमा कुनै त्यो खालको ऊ छैन प्यालटफोर्म छैन। निमुखा जनताहरुको लागि बाँच्नका लागि कुनै आधार छैन। यो खालको परिस्थिति श्रृजना हुँदैछ त्यसकारणले गर्दाखेरि भोकमरीको श्रृजना अत्यन्तै विकराल रुपमा आउने त्यो सम्भावनालाई हामीले नकार्न हुँदैन त्यसकारणले गर्दाखेरि ती सम्भावनालाई चाहि हेरेर त्यसलाई चाहि गरिबी न्यूनीकरण गर्ने कुरामा यो मूल्य वृद्धिलाई हटाउने कुरामा चाहि बिकल्प खोज्न पर्‍यो। अब हामीले खालि आयात मात्र गरेर त भएन त। अहिले हेर्ने हो भने वा हाम्रो जुन ब्यापार घाटा छ अहिले यो आर्थिक वर्षको ६/७ महिनाभित्रमा जुन खालको ब्यापार घाटा छ करिब १० खरबको ब्यापार घाटा छ। हामीले १० खरब हामीले त्यो ब्यापार घाटा छ। हामीले निर्यात कति खरब गरेका छौं १ खरबको निर्यात गरेका छौं। यो खालको परिस्थिति हेर्दाखेरि हाम्रो स्थिति र हाम्रो जुन आर्थिक अवस्था छ हामी अत्यन्तै नाजुक अवस्थामा छौं त्यसकारणले गर्दाखेरि त्यसको बिकल्पमा अब हामीले यहाँका जनताहरुलाई आत्मनिर्भर बन्ने कुरा र आयात प्रतिस्थापन गर्ने कुरा तर्फ  हामी लगायत प्रदेश सरकार लगायत केन्द्र सरकारले तीनै तहको सरकारले विशेष ध्यान दिनुपर्ने होला नि त्यसकारणले गर्दाखेरि यो सबै कुरामा चाहि सबै कुरामा एउटा पुलको रुपमा काम गर्नुका निमित्त पनि मैले प्रदेश सरकारलाई विशेष अनुरोध गर्न चाहन्छु र अर्को राष्ट्रिय इस्युको कुरा छ पेट्रोलियम

पदार्थमा भएको मूल्य वृद्धिको कुराहरु छन् अहिले । अहिले तत्काल रुस र युक्रेनमा भएको जुन खालको यो द्वन्दको कारणले गर्दाखेरि भनिएको छ यहाँ भएका पेट्रोलियम पदार्थलाई लुकाएर काला बजारी गर्ने कुराहरु आएको छ। यस्ता विषयहरु पनि जटिल विषयहरु छन् यसकारणले गर्दाखेरि यस्तो विषयलाई चाहि पेट्रोलियम पदार्थको बिकल्प खोज्ने कि नखोज्ने ? अब नेपाली जनताले पेट्रोलियम पदार्थको बिकल्प त खोज्न पर्ला नि त। त्यसका लागि त हामीले त्यो विद्युतीय साधनहरुको प्रयोग गर्ने कुरामा र विद्युतीय साधन र अहिले हामीले विद्युत उत्पादन गरेर बेच्ने कुरा गर्छौं। सर्वप्रथम हामीले विद्युत उत्पादन गरौं र स्थानीय यही नेपालभित्र खपतको ग्यारेन्टी गरौं नि त हामीले। त्यो गर्न हामीले सकिरहेका छैनौं। त्यो विद्युत बेच्छौं भनेर हामीले त्यो नाराबाजी गर्दै हिंडिरहेका छौं त्यसकारणले गर्दाखेरि त्यो खपत गर्ने कुरालाई चाहि यही स्वदेशमै खपत गर्ने र नेपालमा खपत गरिसकेपछि बल्ल बिदेशमा बेच्नुले त्यसको अर्थ लाग्छ होला। नत्र भने यहाँनेर जनतालाई हायलकायलमा राख्ने र हामीले बिद्युत बेच्यौं भन्ने र त्यो खालको प्रकाण्ड दिने यसले अलिकति मिलेन यहाँको सान्दर्भिकतामा मिलेन होला जस्तो लाग्छ मलाई यसकारणले गर्दाखेरि यी विषयहरुलाई पनि हामीले यो प्रदेश सरकारले विशेष विशेष एउटा पहलकदमी गरोस् भन्ने मैले शुभकामना व्यक्त गर्न चाहन्छु र अर्को एम.सि.सी.को कुरा छ । एम.सि.सी. अहिले जुन खाले तरिकाले पास गरिएको छ यो देशघाती एम.सि.सी हो। राष्ट्रघाती छ। यसमा भएका प्रावधानहरु देशलाई एउटा हाम्रो राष्ट्रिय स्वाधिनतालाई त्यो आँच पुऱ्याउने खालको त्यो प्रावधानहरु छन् त्यस भित्रका प्रावधानहरुलाई हेर्ने हो भने त्यसकारणले गर्दाखेरि यो एम.सि.सी. यो जुन प्रकारले अनुमोदन गरिएको छ यो गलत छ। यसलाई जनस्तरबाट खारेज गर्नुपर्छ। यसलाई कार्यान्वयनको कुरा होइन। हामीले व्याख्यात्मक टिप्पणी भनेर भनेका छौं। त्यो व्याख्यात्मक टिप्पणी त्यहाँको मुख्यालयले त्यसलाई चाहि एप्सेट गर्छ कि गर्दैन भन्ने कुरा होला र एकतर्फी रुपमा सम्झौता भनेको दुईतर्फी हुने हो। दुईतर्फी रुपमा हामीले सम्झौता गर्ने हो। एकतर्फी रुपमा हामी व्याख्या गरेर त्यसले समाधान निक्लन्छ र ? निक्लँदैन होला

नि त  त्यसकारणले गर्दाखेरि म प्रदेश सरकार मार्फत केन्द्र सरकारको विशेष के ध्यान आकर्षण गर्न चाहन्छु भने यो एम.सि.सी. परियोजना जुन छ यसलाई चाहि खारेज गरियोस् र यो वास्तवमा भन्ने हो भने यसमा के के प्रावधानहरुले गर्दाखेरि खारेज गर्नुपर्छ भन्ने कुराहरु छन्। मुख्य कुरा त हामी स्वतन्त्र राष्ट्र हौं। अहिलेको इतिहास सम्म हाम्रो स्थिति हेर्ने हो भने हामी स्वतन्त्र हो । हामी कसैको गुलाम होइन । हामीले यदि विकासै चाहिएको हो भने त्यो एम.सि.सी. परियोजना विकासकै लागि आएको हो भने हाम्रो विकासको मोडेल अर्थात् हामीले विकास योजनाहरु छनौट गर्ने योजनाहरुका लागि भारतले किन समर्थन गर्नुपर्छ ? के हामी भारतको के नेपाल भारतको एउटा प्रान्त हो ? कि भारतको एउटा दासत्व स्वीकार गर्ने भारतको दास हो। पक्कै पनि हामी भारतको दास होइनौं र भारतको त्यो खालको ज्यादती हामीले सहेका छैनौं। भारतीय बिस्तारबादको ज्यादती हामी सहिरहेका छैनौं। भारतको साम्राज्यबादको ज्यादतीहरु हामी सहिरहेका छैनौ भने हाम्रा योजनाहरु बनाउने कुरामा हामीले विकास गर्ने कुरामा हाम्रा विकासका निर्माणका कुराहरु र योजना बनाउने कुरामा तेश्रो मुलुकको त्यो जुन सहभागिता छ यो अत्यन्तै आपत्तिजनक छ। हाम्रो सार्वभौम राष्ट्रको हितको बिपरीतमा छ त्यसकारणले गर्दाखेरि त्यो एम.सि.सी. परियोजना  खारेज गर्नुपर्छ। अर्को महत्त्वपूर्ण कुरा के हो भने एम.सि.सी. इन्टरप्यासिफिक रणनीतिको एउटा अंङ्ग हो भनेर त्यहाँको मुख्यालयहरुले भनिरहेका छन्। त्यो इन्डोप्यासिफिकको रणनीति हुँदाहुँदै एउटा यो वास्तवमा भन्ने हो भने यो सुरक्षा रणनीतिसँग जोडिएर आएको कुरा हो। यसले चीनलाई घेर्नका निमित्त एउटा सामरिक युद्ध बनाएर चीनलाई घेर्नका निमित्त आर्थिक रुपले चीनलाई घेर्नका निमित्त अमेरिकाले बनाएको एउटा रणनीति हो। त्यस्तो रणनीतिलाई चाहि एउटा अंगीकार गरेर त्यसलाई अनुमोदन गरेर के हामी छिमेकी देशसँग हामी लड्न खोज्दै छौं ? के हाम्रो तागत छ त्यो ? हामीले सक्छौं त्यो कुरा गर्न? त्यसकारणले गर्दाखेरि आफ्नो मित्र शक्तिसँग राख्ने हाम्रो मित्र शक्तिसँगको सम्बन्ध हो। त्यसलाई खलबल नपुऱ्याउने कुरा र हाम्रो संविधानको रक्षा गर्ने कुरा र हाम्रो राष्ट्रियताको रक्षा गर्ने

कुरा जनजीविकाको रक्षा गर्ने कुरा हामी सबैका लागि सबभन्दा ठुलो कुरा देश हो। देश नरहे हामी कुन पार्टीका मन्छे हुन्छौं ? देश नरहे हामी न नागरिक हुन्छौं न यो नेपालको नागरिक हुन्छौं न एउटा स्वतन्त्र पार्टीको हुन्छौ त्यसकारणले गर्दा सबै भन्दा ठूलो कुरा हाम्रा लागि राष्ट्र हो यो नेपाल हो यो नेपालको राष्ट्र र राष्ट्रिय स्वाधीनतामा कसैले खलबल पुऱ्याउने दुष्प्रयास त्यो खालको गर्छ भने हामीले त्यसको तत्काल जवाफ दिनुपर्छ। त्यसका लागि प्रदेश सरकारबाट पनि त्यो खालको स्थिति होस् भन्ने कुरा पनि म चाहन्छु र अर्को कुरा यो एम.सि.सि. वास्तवमा यो मैले के भन्छु भने एम.सि.सि. एउटा विकासको नाममा सुरुमा हामीले सुन्दाखेरि राहात लाग्ने तर वास्तविक रुपमा यसले क्रियाकलाप गर्दै जाँदाखेरि वास्तविक रुपमा आहात पुऱ्याउने यो खालको परियोजना हो। यो सोलो पोइजन हो । यसको डोज हामीले दिइसकेका छौं। यसले विखण्डनको दिशातर्फ यसले देशलाई चाहि एउटा खालको सामरिक रणभूमिमा एउटा रणभूमिमा लैजाने कुरालाई चाहि हामीले चाहि हामीले बिर्सनुहुँदैन। यसको स्थितिहरु हेर्दाखेरि यसको प्रावधानहरु हेर्दाखेरि त्यसकारणले गर्दाखेरि यी विषयहरुमा पनि प्रदेश सरकारको र हामी सबैको एउटा ध्यान हुन जरुरी छ किनभने हामी नेपाली नागरिक सर्वप्रथमः हामी नेपाली नागरिक हौं। त्यसपछाडि हामी पार्टी हौं पार्टीका कार्यकर्ता होउला अनि जनप्रतिनिधि होउला। त्यसकारणले गर्दा सबैभन्दा ठूलो राष्ट्रियता हो त्यसका लागि हामी सबैको एउटा खालको पहलकदमी हुनेछ भन्ने कुराहरु यहाँ राख्न चाहन्छु र अर्को कुरा यो खपतको कुराहरु छन्। खाद्यानको कुराहरु छन् । खाद्यान, खाद्यान सामग्रीमा भएको मूल्यवृद्धि, भ्रष्टाचारको कुराहरु भ्रष्टाचारको कुराहरु यी सबै बेथितीहरुलाई न्यूनीकरण गर्नका निमित्त यो प्रदेश सरकारले त्यो खालको भूमिका निर्वाह गर्नेछ प्रदेश सरकारलाई चाहि खबरदारी गर्ने कुरा र प्रदेश सरकारलाई जिम्मेवार बनाउने कुरामा हामी माननीय सदस्यहरुको यो नवौ अधिवेशनले यो खालको चेतना वृद्धि गर्नेछ र त्यो खालको परिस्थिति श्रृजना गरेर सरकारलाई एउटा जिम्मेवार प्रदेश सरकार बनाउने कुरामा चाहि एउटा खालको भूमिका निर्वाह गर्नेछ भन्ने कुराहरु पनि म राख्न चाहन्छु

र अर्को कुरा हामीले देखिरहेका छौं बेथितीको कुरा गर्ने हो भने जनप्रतिनिधि, जनप्रतिनिधिहरुको बेथिति पनि हामी त्यो खालको देख्न सक्छौं। अहिले गठबन्धनमा छौं। गठबन्धनमा हुँदाहुँदै पनि त्यहाँभित्रको बिकृतिहरु धेरै छन्। ती बिकृतिहरुलाई निमिट्यान्न गर्ने कुरा हामी सबैको दायित्व होला। त्यो दायित्य यदि हामी त्यो बिकृतिलाई अहिले पनि मन्त्रालय नभएर एउटा भवनमा झ्याल झ्यालमा मन्त्रालयका पोलहरु टाँसिएका छन्। यी बिकृति होइनन् ? त्यसकारणले गर्दाखेरि नेपाली जनताले चाहेको संवृद्धि हो। नेपाली जनताले चाहेको विकास हो। नेपाली जनताले चाहेको त्यो खालको जनजीविकालाई उकास्ने त्यो खालको एउटा नेतृत्व सही नेतृत्व हो त्यसकारणले गर्दा सबै नेतृत्व दिने कुरामा सही नेतृत्व लिने कुरामा चाहि हामी सबैले त्यो खालको भूमिका निर्वाह गर्नुपर्छ । विशेषतः गरिकन प्रदेश सरकार किनभने प्रदेश सरकार यो गण्डकी प्रदेशको अभिभावक हो। त्यस कार्यका लागि अभिभावकले आफ्नो अभिभावकत्व सही रुपमा निर्वाह गरोस् भन्ने शुभकामना ब्यक्त गर्दै मेरो आफ्नो छोटो भनाइ यही अन्त्य गर्न चाहन्छु धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म, माननीय हरिशरण आचार्यलाई बोल्न समय दिन्छु।

## माननीय हरिशरण आचार्य

माननीय सभामुखज्यू, हामी धेरै लामो समयको यो एउटा स्थगन पश्चात अथवा भनौं नयाँ प्रकृयासँगै अथवा नयाँ विचार र नयाँ चेतनासँगै हामी आज नवौं अधिवेशनको एउटा प्रकृयामा आइराखेका छौं। हामी हाम्रो संसदको हाम्रो यो सम्मानित सभाको महत्त्वपूर्ण एउटा घडीमा उभिएका छौं। हामी हाम्रो दिन दिनै हाम्रो आयु कति छ भनेर नापिरहेका छौं अनि हाम्रो यो सभाको सम्मानित सभाको राजनीतिक परिस्थितिलाई हामी एक पछि अर्को नियालिराखेका छौं। दायाँ बस्ने बाया बस्ने सबैले एक अर्काका नजर जुधाएका छौं अनि हामीले सबैका सबै भावनाहरु के कस्ता भइराखेका छन् शायद आ- आफ्ना प्लेटफर्ममा बोलिराखेका छौं। तिनै प्लेटफर्मका

अतिजबाट शायद घोक्रो फुलाई फुलाई एकले अर्कालाई सक्दो सराप गर्ने अनि राजनीतिक हिसावले एकले अर्काको खुट्टा तान्ने एउटा राजनीतिक कुसंस्कारको बिचबाट नेपालको राजीतिक अगाडि बढिराख्दा साँच्चै यो नेपाल लोकतन्त्र एउटा अभ्यासमा छ या यो नेपाल कुसंस्कार र बिकृतिको एउटा क्रिडास्थल बनिराखेको छ साँच्चै हामीले त्यो नजरअन्दाज गर्न सक्ने परिस्थिति बनेको छैन। आज हामीलाई यो पनि लागिराखेको छ नेपालको राजनीतिक परिस्थिति यति धेरै जटिल मोडमा उभिएको छ । आज हामी यो गण्डकी प्रदेश सभा अँध्यारो कोठाबाट एउटा अमूक स्थितिमा राखेर घाँटी रेटिने परिस्थितिबाट बचाएर आज हामीले यो ठाउँमा ल्याइपुऱ्याउँदाखेरि अनि नेपालको राजनीतिक परिघटना उल्टो गतिमा अगाडि बढ्न खोज्दा त्यसलाई सुल्टो गति दिनका निमित्त मेहनतपूर्वक हामी आइपुग्दै गर्दाखेरि हामीलाई यो पनि थाहा छ आज नेपालको राजनीतिक घटनाक्रमले हामी पूर्व जाँदै छौं वा पश्चिम जाँदै छौं तल जाँदै छौं वा माथि जाँदै छौं हामी हाम्रो दिशा अहिले सम्म पनि हामी कसैले पनि त्यसको निश्चित गर्न नसक्दा नेपालको राजनीतिक यति धेरै अस्थिर बनिराखेको छ यति धेरै जटिल बनिराखेको छ न त हामीले दाया चलाउन सक्छौ। न त हामीले बाया चलाउन सक्छौं। जनतालाई भुमरीमा राखेर जनतालाई गोलचक्करमा फसाएर नेपालको राजनीतिलाई आफ्नो पन्जामा बन्धक बनाउने भन्दा बाहेक अरु यो नेपालमा राजनीति केही भएको छैन त्यसैले नेपालको राजनीतिलाई बन्धक होइन नेपालको राजनीतिलाई स्थीर राजनीति प्रणालीमा अगाडि बढाउने हो भने हामीले एउटा नयाँ संकल्प गर्नैपर्छ। त्यो संकल्प भनेको सबैले फेरि एक पटक सबैलाई एकै ठाउँमा उभ्याएर लोकतन्त्रको अभ्यासका साथ प्रत्यक्ष निर्वाचनको विधि मार्फत् यो नेपालको कार्यकारी प्रमुख निर्वाचित गर्ने एउटा नयाँ प्रणालीमा नगइन्जेल सम्म तपाई हामीले जति सुकै घोक्रो फुटाएर अरुलाई गाली गरे तापनि आफैले आफैलाई औलो ठड्याएको महसुस हुने खालको परिस्थिति निर्माण हुन्छ त्यसैले हामीले नयाँ प्रकृयाबाट जाने हो भने यो नेपालमा स्थीर राजनीति प्रणाली ल्याउने हो भने अनि यो नेपालमा सबै राजनीति पार्टी र राजनीतिक कार्यकर्ता, नेताहरुले उच्च

सम्मान व्यहोर्ने हो भने आज हामीले त्यो खालको एउटा वातावरण निर्माण गरेर अगाडि बढ्न सक्नुपर्छ त्यो एउटा साझा संकल्प बनाएर अगाडि बढौं अवश्य पनि हामी पाँच वर्ष आफ्नो कार्यकाल व्यतित गर्न कसैले हामीलाई पछाडि हटाउने छैन हामी आफ्नो कार्यकाल जनताको बिचमा स- सम्मान जानका निमित्त हामी तम्तयार हुन पनि सक्छौं । यो खालको परिस्थितिमा हामी अगाडि बढौं म सबभन्दा अगाडि आग्रह गर्न चाहन्छु। आज यो सँगै हामी यो संसदमा उभिएर यो रोष्टममा उभिएर बोल्दै गर्दाखेरि हामीले अर्को के कुराको अनुभूति गरिराखेका छौं भने हामी गण्डकी प्रदेश सरकार निर्माण गर्दै गर्दाखेरि एक घण्टा अगाडि सपथ खाएर एक घण्टा अगाडि नारा लगाउँदा लगाउँदै एक घण्टा पछाडि सपथ खाएर फिल्मी स्टाइलबाट सरकार निर्माण गरेर आउँदै गर्दाखेरि हामीले हिजो के थियो र आज के भैराखेको छ भनेर नियाल्न पनि जरुरी छ। हामी हाम्रा सबै कुराहरुलाई समीक्षा गर्न पनि हिम्मत गर्नुपर्छ र सत्य बोल्ने पनि आँट गर्नुपर्छ। यदि सत्य बोल्ने आँट गऱ्यौं भने शायद हामी जनताको निमित्त जनताको हितमा एउटा सेवक भएको अर्थ रहन्छ होइन भने हामी फेरि कोही पेसेवर एउटा राजनीतिक कार्यकर्ता अनि आफू एउटा मुलुकको एउटा कुनै न कुनै दुष्चक्रमा फसिराख्ने एउटा नागरिकको रुपमा त्यो हैसियत बनाउने खालको त्यो बन्न सक्छ त्यसैले मैले आज यो अवस्थामा आइपुग्दाखेरि हाम्रो राजनीतिक परिस्थितिलाई यहाँ सम्म ल्याउनका निमित्त धेरै ठूल्ठूला आन्दोलनहरु भए धेरै ठूल्ठूला बलिदानहरु भए आज ती जनआन्दोलन त्यो एउटा परिवर्तनको महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने महान् जनयुद्ध अनि सम्पूर्ण मुक्ति आन्दोलनहरुका ती सहिदहरु हामी उच्च सम्मान व्यक्त गर्न चाहन्छौं अनि त्यो आन्दोलनका अथक योद्धाहरु ती सबै आन्दोलनका मुक्ति योद्धाहरु ती सबैलाई हामी उच्च सम्मान व्यक्त गर्न चाहन्छौं र आज यो नेपालमा फेरि उहाँहरुले दिएको त्यो उहाँहरुले छोडेर गएको अधुरो सपना अनि हामीले साँचेको त्यो संकल्प अझै पनि पूरा भएको छैन। त्यो पूरा गर्नका निमित्त हामी एकाकार भएर एक साथ उभिन सक्छौं कि सक्दैनौं अबको शायद हामी दिन गन्दै जाँदा खेरि हाम्रो आयु गन्दै जाँदाखेरि त्यो आयुभित्र त्यो पनि

हामीले हेर्न जरुरी छ हामी खोजी गरौं र आज यो नवौं अधिवेशनको यो सन्दर्भमा हामी अलि ढिलो गरी नवौं अधिवेशन सुरु गरिराखेका छौं। हामीले विगतको अवस्था र अहिलेको अवस्था हेर्दाखेरि केही अवस्थाहरु फरक छन्। हिजो हामी निर्वाचित हुँदाखेरिको अवस्था र अहिलेको अवस्था पनि फरक छ। यी दुईटै परिस्थितिहरुलाई तुलना गर्दाखेरि हामीले स्थानीय तहको निर्वाचन वैशाख ३० गते घोषणा भैसकेको छ। त्यो वैशाख ३० गते २०६९ साल वैशाख ३० गते घोषणा भैसकेको स्थानीय तह निर्वाचनलाई शायद सबै ठूला पार्टीहरुले नजरअन्दाज गरेर हेरिराखेको मैले अनुभूति गरेको छु। हुन त ठूलो बाढी र भेलका बिचबाट ती साना साना ढुङ्गा गिटीहरु बढारिन्छन् भन्ने उद्देश्य हिजोका दिनमा पनि थिए शायद भोलिका दिनमा पनि हुन सक्लान् तर, तर यति कुरा मात्रै थाहा छ हामीलाई मैले यही रोष्टमबाट उभिएर एकपटक घोषणा गरेको थिएँ हामी कसैले पनि साना छन् भनेर नहेपौं ठूला छौं भनेर घमण्ड नगरौं। एक दिन ठूलाको ठाउँबाट फेरि सानाको ठाउँमा आउन पर्ने हुन्छ। सत्ताको ठाउँबाट प्रतिपक्षमा आउन पर्ने हुन्छ अनि राजनीतिक घटनाक्रम उल्टोबाट सुल्टोमा पर्ने गतिमा आउन सक्छ त्यसैले हामी एउटा नयाँ प्रकृयामा पनि सोच्न सक्नपर्छ। हिम्मत गर्न सक्नपर्छ। यो राष्ट्र र यो जनताप्रति हामी बफादार बन्ने प्रयत्न गर्नै सक्नपर्छ र यसो भन्दै गर्दा आज हामी हामीले नेपालको यो सन्दर्भमा हामी ठूल्ठूला महामारीहरु व्यहोर्दै आयौं। बाढी, पहिरो, विपत्को एउटा संकट व्यहोर्दै आयौं अनि त्यो सँगै फेरि हामीले अर्को एउटा जो विश्व महामारीको रुपमा अगाडि बढिराखेको कोरोना भाइरसको एउटा विभिन्न कालखण्ड पार गर्दै गर्दै त्यसलाई जित्दै जित्दै हामी आइराखेका छौं भने फेरि नेपाली जनताले अरु सबै प्रकारका राजनीतिक विकृतिहरु, विसंगतिहरुका विरुद्ध पनि जुध्दै त्यसलाई पनि जित्दै अगाडि बढ्ने कुरा संकल्प गरिराखेको छ र हामी पनि त्यो साझा संकल्पमा जुटिराखेका छौं र मलाई यो पनि विश्वास छ हामी सबै राजनीतिक दलहरु एउटा सन्देश दिन सक्नुपर्छ आज हामी, आज हामी यो मुलुकलाई स्थायीत्व स्थायी प्रकारको विकास प्रकृयामा अगाडि बढाउने हो भने हामीले मुख मुखमा राखेको आर्थिक विकास र संवृद्धिलाई यथार्थमा

बदल्ने हो भने एकपटक साझा संकल्प गर्नुपर्छ आउनु एकपटक हामी साझा संकल्पका साथ यो मुलुक बनाउने हो भने एकाकार बनौं चाहे बामपन्थीको नाममा होस् चाहे लोकतन्त्रको नाममा होस् चाहे जे सुकैको नाममा होस् सबै नामका ती सबै चिजहरु छोडेर हामी एकपटक साझा संकल्पका साथ आर्थिक विकास र संवृद्धिको एउटा अभियानमा जुटौं अवश्य पनि यो मुलुक तपाई हामीले चाहेको मुलुक बन्न सक्छ। सम्भव छ हामीले चाहेको त्यो मुलुक बनाउन सम्भव छ। हामीले आज यो संकल्प गर्न सक्यौं भने साझा संङ्कल्प गर्न सक्यौं भने यो अधिवेशन अनि प्रदेश सभाको यो हाम्रो संस्थापन प्रदेश सभाको यो ऐतिहासिक महत्त्व रहनेछ। हामी यतिबेला गण्डकी प्रदेश सरकारको एउटा प्रतिनिधित्व गर्ने दल जनता समाजबादी पार्टी नेपाल दलको तर्फबाट मैले आफूले बोल्दै गर्दाखेरि हामीलाई कतिपय अवस्थामा सानो वा ठूलोको रुपमा विगतमा जुन हेप्ने प्रकारको मलाई त सबैले जुन मतलव रोष्टममा उभिएर अलि अलि एक सिटका दुई सिटका पार्टीहरुले तिमीहरुले के गर्न सक्छौं भनेर गिज्याउने केही साथीहरुलाई म भन्न चाहन्छु। हामीले राजनीतिक रुपमा कुनै पनि पूर्वाग्रह साँध्न चाहन्नौं। हामी सकारात्मक सोचका साथ चाहे जनयुद्धको आन्दोलनको होस् चाहे सम्पूर्ण मुक्ति आन्दोलनका सम्पूर्ण जनआन्दोलनका ती सबै अथक योद्धाहरुप्रति हामी सम्मान व्यक्त गर्न चाहन्छौं। त्यो सम्मान गर्दै हामी त्यही धर्तीबाट उब्जिएर आएको मानव हुनुको नाताले अनि त्यसैको एउटा उपज हुनुको नाताले म के उद्घोष गर्न चाहन्छु भने हामी हेपिएका नागरिक होइनौं सम्मानित नागरिक हुन चाहन्छौं त्यसैबाट पालित पोषित रजनीतिक पार्टीको रुपमा होइन हामी स्वाभिमान राजनीतिक पार्टीको रुपमा स्थापित हुन चाहन्छौं । हामीले त्यो मात्रै होइन हामी यो मुलुकमा कहीं कसैबाट कहीं कसैबाट चाँपीबाट सञ्चालित गरिएको यो मुलुक होइन। नेपालको आत्म स्वाभिमानका साथ सार्वभौम सत्ता सम्पन्न राष्ट्र बनाउन चाहन्छौं। त्यही अभियानमा हामी छौं। आज खोक्रो पेट लिएर त्यसैले आफूलाई आत्मसम्मान र स्वाभिमानको नारा दिन चाहन्छ भने एकदिन, एकदिन ऊ झुक्नुपर्छ। यो अवश्य पनि छ। होइन भने त्यो खोक्रो पेटले त कसैलाई खान दिंदैन कसैलाई

मोटाउँदैन। त्यो एकछिनका निमित्त आफूमा आत्म सम्मानका साथ बाँचेको छु भन्ने आत्मरति लिनु बाहेक अरु केही हुने छैन। त्यसैले हामी खोक्रो पेटमा रमाउने होइन आम जनतालाई स्वाभिमानका साथ उभ्याएर सार्वभौमसत्ता सम्पन्न  हामीले २०७२ साल असोज ३ गते नेपाली संविधान निर्माण गर्दै गर्दाखेरि त्यो नेपालको संविधानले हामीलाई भनिसकेको छ। हामी सार्वभौमसत्ता सम्पन्न भइसकेका छौं। आज कसैले त्यो साँचोलाई पछाडि फर्काएर त्यो गाडीलाई पछाडि फर्काएर कसैले हिंडाउन खोज्छ भने शायद त्यो प्रतिगामी ठहरिने छ प्रतिगमन कहीं टिक्दैन। त्यो प्रतिगमनका विरुद्ध हामी जहाँ जे छाड्न तयार छौं। त्यो एकदिन अवश्य पनि त्यो प्रतिगमन हार्छ र अग्रगामी शक्तिहरु जित्छन् यो कुरा अहिलेका राजनीतिक घटनाक्रमहरुले सबै पुष्टि गरिसकेको छ त्यसैले म यहाँहरुसँग यो सम्मानित सदनमा माननीय सभामुख मार्फत् अनुरोध गर्न चाहन्छु हामी फेरि पनि अग्रगामी सोचका साथ सकारात्मक सोचका साथ यो मुलुकमा अगाडि बढौं । स्थीर राजनीतिक प्रणाली स्थीर मतलव राजनीतिक प्रणाली स्थापित गर्नका निमित्त अगाडि बढौं अनि यो संविधान आज हामी यो संविधान कसैले यो पूर्ण छ एकदम उत्कृष्ट छ भन्दै गर्दाखेरि हामीले संविधानमा केही चिजहरु अपूर्ण छन् भन्ने कुरा आम अथवा संविधान अनुसार हेर्दै जाँदाखेरि त्यसको व्याख्या गर्दै जाँदाखेरि हाम्रा निर्वाचनका मिति घोषणा गर्ने बेला सम्म जाँदाखेरि यो संविधान अपूर्ण रहेछ भन्ने कुराहरुको धेरै विषयवस्तुहरु आइसकेको छ त्यसैले यो संविधानमा अपूर्ण भएका चिजहरुलाई हामीले खोजिखोजिकन पूर्ण बनाउन जरुरी छ । यो संविधानमा फेरि अपूर्ण भएका जो सम्पूर्ण जातजाति, उत्पीडित क्षेत्र, लिङ्ग, समुदाय, महिला दलितहरुको सबैको अधिकारलाई सुनिश्चित गर्ने खालको एउटा प्रकृयामा अगाडि बढाउने खालको हुन जरुरी छ। हामी त्यसका निमित्त साझा एकता बनाएर जान पनि जरुरी छ मैले यो सम्मानित सदनमा राख्न चाहन्छु। यो सँगै हामी यतिबेला सबै अग्रगामी शक्तिहरु एकजुट हौं सबै सकारात्मक सोचका शक्तिहरु एक ठाउँमा जुटौं । यो मुलुकलाई एकपटक आर्थिक विकास र संवृद्धिका लागि अगाडि बढौं र त्यतिबेला हामी हावादारी गफका निमित्त होइन, हावादारी गफका निमित्त होइन काम

गरेर जे बोलिन्छ त्यो पूरा गर्नुपर्छ भन्ने राजनीतिक संस्कार बसाल्नका निमित्त जुटौं। हामी झुटा आश्वासनका निमित्त झुटा आश्वासन दिएर जनतालाई एकछिन गोलचक्करमा फसाउने त्यस्तो रणनीतिक बाझका रुपमा होइन फेरि एकपटक एउटा नयाँ खालको संकल्पका साथ जनताका बिचमा जे बोलिन्छ त्यो पूरा गर्ने एउटा नयाँ राजनीतिक संस्कार बसाल्ने एउटा अभियान्ता बनौं। म यहाँहरुसँग विनम्रताका साथ राख्न चाहन्छु। हामी यो पनि गरौं कि आज सबैले बोल्दै जाने सबैले भन्दै जाने अनि गर्न केही नपर्ने यस्तो खालको विश्रृंखलित खालको एउटा राजनीतिक संस्कार बनिराखेको छ यसलाई हामीले त्यो उल्टो गतिमा अगाडि बढिराखेको राजनीतिक संस्कारलाई घुम्ने कुर्चीमा बसेर जनतालाई दुःख दिने संघीयता होइन हामीले जनतालाई सेवा गर्ने खालको जनताको बिचमा पुग्ने खालको संघीयताको वकालत गर्न सक्नुपर्छ अनि बल्ल त्यो संघीयता वास्तविक संघीयता हुन्छ। हामी आज हामीले संघ, प्रदेश र स्थानीय तहको सबै खालका राजनीतिक जुन विविधताहरु छन् जुन खालको असमन्वयिक प्रणाली छ त्यसलाई समन्वयायिक प्रणालीमा अगाडि बढाएर त्यसको विचमा एउटा राम्रो सम्बन्ध सुदृढ गरेर अनि संघीयतालाई अझ व्यवस्थित ढङ्गले अगाडि बढाउन जरुरी छ त्यसैले संघीयताका पक्षधरहरु सबै एक ठाउँमा जुटेर त्यो संघीय लोकतान्त्रिक गणतन्त्रको महत्त्वपूर्ण उपलब्धिलाई रक्षा गरौं र तपाई हामी सबै फेरि यो नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको सार्वभौम सत्ता सम्पन्न नागरिकको रुपमा त्यो हैसियतको रुपमा अगाडि बढेर फेरि नेपाललाई एकीकृत विकासको नीति अनुसार, एकीकृत विकासको नीति अनुसार आर्थिक विकास र संवृद्धिको  एउटा नयाँ यात्रामा अगाडि बढाऔं धन्यबाद, नमस्कार, अभिवादन।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब, म माननीय श्री हरि बहादुर चुमानलाई बोल्न समय दिन्छु।

## माननीय हरि बहादुर चुमान

माननीय सभामुखज्यू, झन्डै ६ महिनाको पर्खाइपछि गण्डकी प्रदेश सभाको नवौं अधिवेशनमा हामी उपस्थित भएका छौं। यो विधेयक अधिवेशनको रुपमा यो अधिवेशन सफल हुनेछ भन्ने एउटा विश्वास म सुरुमै व्यक्त गर्न चाहन्छु र म त्यही अनुसारको शुभकामना पनि व्यक्त गर्न चाहन्छु। यो विधेयक अधिवेशनको रुपमा हामी यसलाई सफल पार्ने भनेको धेरै भन्दा धेरै अर्थात् अहिलेको अवस्थामा गण्डकी प्रदेश सरकारलाई अथवा प्रदेश सरकारलाई आवश्यक पर्ने कानूनहरु अधिकतम रुपमा निर्माण गरेर यो सदनबाट पारित गर्न सक्दा नै यो विधेयक अधिवेशन सफल भएको ठहरिने हो। सफल गराउनको निम्ति मुख्यतः सरकार गण्डकी प्रदेश सरकार यस विषयमा अलि तिब्रतापूर्वक लाग्नुपर्छ भन्ने लागेको छ र यो विधेयक अधिवेशन मैले आशा गरेको छु अर्थात् हाम्रो दलको तर्फबाट हामी अपेक्षा गरिराखेका छौं कि यो अधिवेशन निर्वाद रुपमा शान्तपूर्ण वातावरणमै यो अगाडि बढ्नेछ र यो अधिवेशनले साँच्चै त्यस्तो वातावरण पाएको छ भन्ने मलाई लागेको छ। त्यो कुन अर्थमा भने अहिले जे जति राष्ट्रिय मुद्दाहरु बेलाबखत विभिन्न राष्ट्रिय मुद्दाहरु श्रृजना भए र त्यो मुद्दाले निकास नपाउँदा प्रदेश सभा प्रभावित हुन्थ्यो नै। प्रतिगमन विरुद्धको आन्दोलन होस्, एम.सि.सि. विरुद्धको आन्दोलन होस्, यी राष्ट्रिय मुद्दाहरु थिए र यसले अहिले तत्कालीन निकास पाएको छ अर्थात् यो मत्थरिएको छ राष्ट्रिय मुद्दा । यदि यो राष्ट्रिय मुद्दा जिउका तिउ हुन्थ्यो भने शायद प्रदेश सभा प्रभावित हुन्थ्यो र हामीले अपेक्षा गरे अनुसार यो विधेयक अधिवेशनले सफलता पाउन सक्दैन्थ्यो होला। त्यो अहिले मत्थरिएको छ भन्ने कुन अर्थमा भनिराखेको छु भने प्रतिगमन बिरोधी आन्दोलन त हामीले बिर्सन पनि थालिसक्यौं। एम.सि.सि. विरुद्धको आन्दोलन जो थियो त्यस बारेमा पूर्व विद्धान माननीयजीले पनि यहाँ राखिसक्नुभएको छ यसले एउटा समाधान पाएको छ। त्यो व्याख्यात्मक टिप्पणी सहित यसको अनुमोदनले र यो व्याख्यात्मक टिप्पणीलाई यतिबेला बजार, बजार तताउने, समाचार बिकाउने यो एउटा माध्यम बनिराखेको छ। म आश्चर्यचकित भएको छु अन्तराष्ट्रिय कानूनका विद्वानहरुले यसका अनुभवीहरुले त्यसका विज्ञहरुले यसको प्राक्टिस छ भनेर बोलिराखेका छन्।

व्याख्यात्मक टिप्पणीको अभ्यास छ विश्वमा विभिन्न मुलुकहरुमा यसको अभ्यास भएको छ र अर्को कुरा संयुक्त राष्ट्र संघ अन्तर्गतको इन्टरनेशनल ल कमिसनले यो व्याख्यात्मक टिप्पणीको विषयमा स्पष्ट बोलेको छ भनेर बोलिराखेका छन्। यसको कानूनी अर्थ छ। हो दुईटा देशको बिचमा समझदारी नै भैदिएको भए हाम्रो नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको जोड त त्यही थियो कि यसलाई संशोधन गरिनुपर्छ। दुईटा देशको बिचमा लेटर अफ एक्सचेन्ज मार्फत हुन्छ कि बसेरै दुई पक्ष बसेरै हुन्छ यसलाई संशोधननै गरिनुपर्छ भन्ने भनाइ थियो तर त्यो सम्भव हुन सकेन त्यसकारण अर्को माध्यम के हुन सक्छ त अर्को उपाय के हुन सक्छ त भन्दा यो व्याख्यात्मक टिप्पणी हुनसक्छ भन्ने कुरा आयो र यसको अर्थ के हुन्छ यसको महत्त्व के छ भन्ने कुरा अध्ययन गरेर बुझेर नै यो व्याख्यात्मक टिप्पणीलाई अगाडि बढाइएको हो । यो व्याख्यात्मक टिप्पणीले हाम्रो देशको अर्थात् यो सार्वभौम सत्ता सम्पन्न, स्वतन्त्र, राष्ट्रको हैसियतबाट आफ्नो भनाइ के हो भन्ने कुरा स्पष्ट गरेको छ व्याख्यात्मक टिप्पणीमा त्यसकारण त्यसको राजनीतिक अर्थ त यसै छ हाम्रो संसदबाट पारित भएको छ। राजनीतिक पार्टीहरु सहमत भएर त्यो पारित भएको छ राजनीतिक अर्थ त त्यसै हुने भयो। त्यसको कानुनी अर्थ पनि छ भनेर पनि मैले भनें। विज्ञहरुले यसमा दरो आफ्नो मत जाहेर गरेका छन् र मलाई म दङ्ग परेको छु अन्तराष्ट्रिय कानून सम्बन्धी अध्ययन यहाँ आवश्यक पर्छ। सन्धि सम्झौता भनेको अन्तराष्ट्रिय कानूनबाट गाइडेड हुने कुरा हो। अन्तराष्ट्रिय कानूनको कि त आफूलाई म ज्ञाता हुँ भनेर घोषणा गर्नपर्‍यो म विज्ञ हुँ भनेर घोषणा गर्नु पर्‍यो । ज्ञाता पनि होइन विज्ञ त झन् होइन । उसैले यसको कुनै अर्थ छैन, यसको औचित्य छैन भनेर भन्दा आफू गहकिलो भइएला कि फितलो म यो आश्चर्यचकित भइराखेको छु। के बुझेर यो भनिराखेका छन्। अर्को कुरा हो के त भन्दा एम.सि.सि., एम.सि.सि. एउटा आर्थिक सम्झौता नै हो। त्यो आर्थिक सम्झौता संसदबाट अनुमोदन गर्नुपर्ने यो एउटा बिडम्बनापूर्ण कुरै हो यसकारण यसो गरिनुहुँदैन। यो नितान्त आर्थिक सम्झौता हो कैयौ आर्थिक सम्झौताहरु भएका थिए यसलाई संसदबाट अनुमोदन त गर्न परेको

थिएन यो चाहि किन गर्न पर्‍यो भनेर त्यसको विरोधमा आवाज उठेकै हो। अर्को कुरा पछि यो तन्कियो कि अमेरिकी अमेरिकाकै राज्यमन्त्रीहरु र अरु नियोगका मान्छेहरुले यसलाई के भने भन्दाखेरि पछिल्लो चरणमा आएर यो आइपिएस मातहत हो। अमेरिकन हरेक नीति अर्थात् अमेरिकाको कुनै पनि नीति आइपिएस मातहत हुन्छ। ट्रम्प आइसकेपछि त आइपिएस बनिसकेपछि त्यो घोषणा उनीहरुले गरे। यदि हाम्रो एउटा हाम्रो सार्वभौम सत्ता सम्पन्न मुलुक, स्वतन्त्र मलुक सैन्य अमेरिकाको सैन्य रणनीति मातहतको कुरामा जान हुँदैन। त्यो गइयो भने निकै ठूलो गल्ती हुन्छ भन्ने कुरा स्वभाविक रुपले बुझ्ने कुरा हो। त्यसो भए अब यहाँ कुराहरु आए, सरकार अमेरिकी सरकार भन्छ यो आइपिएस अन्तर्गत हो। एम.सि.सि त्यसै मातहतको एउटा कार्यालय बन्छ यो होइन। यो बारेमा स्पष्ट हुनुपर्छ भनेर अर्थ मन्त्रालयले पत्राचार पनि गर्‍यो। एम.सि.सि. कार्यालयको भनाइ होइन भन्ने छ तर सरकारका अमेरिकन सरकारका मान्छेहरुले त्यो बुझिसकेपछि के हो भनेर प्रश्न उठ्नु स्वभाविकै हो। मलाई एउटा विज्ञले भनेको सुनें । त्यो सामान्य कुरा यी त मुख्य विषय भए। भारतीय सहमतिको कुरा जुन अघि पनि उठ्यो। यो सम्झौता एम.सि.सि. साझौतालाई स्वीकार गर्नको निम्ति त्यसलाई अनुमोदन गर्ने कुरा त एउटा भइहाल्यो सँगसँगै भारतीय सहमति पनि आवश्यक पर्छ भनेर लेखेको कुरामा एउटा कुरा एउटा विज्ञले बोलेको कुरा मैले सुनें। उसले के भन्यो भनें म पनि झसक्क भएको हुँ। यो पढ्दा यो दफा पढ्दा म पनि झसक्क भएको हुँ।कमसेकम त्यो विषयमा ट्रान्समिसन लाइनको प्रयोजनको निम्ति भारतको सहमति लिन पर्छ मात्रै भनेको भैदिएको भए कुरा किल्यर हुन्थ्यो। यो नभन्दिनाले के के मा सहमति लिन पर्ने हो के के मा सहमति लिन पर्ने हो भन्ने भयो त्यसैले अस्पष्ट त थियो त। यसलाई स्पष्ट गर्ने काम पनि जरुरी थियो र त्यो नेपाल पक्षले गर्न जरुरी थियो र नेपालका सबै राजनीतिक दलहरु एकजुट भएर यो बारेमा स्पष्ट गर्न जरुरी थियो। अनौठो भयो देशमा हाम्रो देशमा कि राजनीतिक पार्टीहरु यस्तो राष्ट्रिय मुद्दालाई आफ्नो पार्टीको आफ्नो गुटको स्वार्थ पूरा गर्न एउटा साधनको रुपमा लिन पुगे। यो बिडम्बनापूर्ण कुरा हो। हामी भारतमा

देख्छौं  राष्ट्रिय मुद्दामा राष्ट्रिय स्वाधिनताका मुद्दामा  अझ त्यहाँका सबै राजनीतिक दलहरु एकजुट हुन्छन् र छलफल गर्छन्। जुनसुकै पार्टीको सरकार किन नहोस् उहाँहरुको राष्ट्रिय नीति एउटै परराष्ट्र नीति एउटै हुन्छ तर हाम्रो देश यसो हुन सकिरहेको छैन त्यसकारण म यो अवसरमा यव रोष्ट्रमबाट हाम्रा देशका सबै राजनैतिक पार्टीहरुलाई राष्ट्रिय मुद्दामा एकै ठाउँमा आउन सौहार्दपूर्ण वातावरणमा छलफल गरेर राष्ट्रिय स्वाधिनताको निम्ति दृढतापूर्वपक अगाडि बढ्न आह्वान गर्न पनि चाहन्छु। र जे होस् मैले यो एम.सि.सि.को सन्दर्भ यहाँ उठि नै हाल्यो यति राखें र पनि हाम्रो पार्टीको तर्फबाट नेपाल कम्युनिष्ट पार्टी माओवादीको तर्फबाट यसको पहलकदमी लिने काम हो हुन त हामीलाई आरोप लाग्यो सडकमा पनि उनै सरकारमा पनि उनै यी विविध आरोपहरु लागे तर पनि हामीले हो सङ्घर्षको  बेलामा विभिन्न मोर्चाहरु बन्छन् विभिन्न मोर्चाहरु सम्हाल्नुपर्ने हुन्छ त्यसको नेतृत्व गर्नुपर्ने हुन्छ। यसपटक तीन ओटै मोर्चाको नेतृत्व माओवादी केन्द्रले गऱ्यो भनेर गर्व गरुन् न खुसी हुनुहोस् म त्यो भन्न चाहन्छु र मैले त गर्वको अनुभूति गरिराखेको छु। यदि हामी सडकमा नगएको भए यो व्याख्यात्मक टिप्पणी पनि आउनेवाला थिएन। सुनिहालियो नि व्याख्यात्मक टिप्पणी सदनबाट पारित भइसक्दाखेरि यसको अर्थ छैन औचित्य छैन भनेर  अब यसलाई खिज्याउनेहरुले यदि हामी सडकमा नगएको भए यो व्याख्यात्मक टिप्पणी आउँथ्यो त ? आउनेवाला त रहेनछ यसकारण यस मानेमा पनि अब हाम्रो पार्टीको तर्फबाट हाम्रो दलको तर्फबाट गर्व महसुस भएको जानकारी गराउन चाहन्छु। अर्को पनि मुद्दा छ अब यसले अलिकति तात्यो वातावरण देश अलि तात्यो। एम.सि.सि. पास हुने बित्तिकै फेरि नेपाल सरकारले के गरिदियो त भन्दा युक्रेनको पक्षमा भोटिङ गरिदियो संयुक्त राष्ट्रसंघमा यो क्या हो भनेर कोइसन उठ्यो स्वभाविक बजारमा सतहमा यो प्रश्न छ। अब यसमा नेपाल सरकारले होला सानो देश ठूलो देशको हस्तक्षेपबाट बच्न पर्छ भन्ने बुझाइबाट त्यो गऱ्यो होला तर पनि यस्ता मुद्दामा पनि राष्ट्रिय सहमति जरुरी हुन्थ्यो। बोल्नको निम्ति राष्ट्रिय सहमति जरुरी थियो । सबै दलहरु एकै ठाउँमा आएर यो के गर्ने भन्ने छलफल गर्न जरुरी

थियो। अब त्यो हुन पुगेन त्यसमा म हाम्रो पार्टीको तर्फबाट हाम्रो दलको तर्फबाट दुःख व्यक्त गर्न चाहन्छु र हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र यस विषयमा दुबै देश आज दुईटा देश बिचको प्रश्न हो यो त्यसकारण दुबै देश बसेर बार्ताद्वारा यो समस्याको समाधान गरोस् भन्ने चाहन्छ। यो मैले हाम्रो पार्टी र हाम्रो दलको धारणा यहाँहरु समक्ष राखें। जे होस् यो सन्दर्भ आएको थियो कि हाम्रो यो विधेयक अधिवेशन यस्ता राष्ट्रिय मुद्दाबाट यसपालि प्रभावित हुने छैन र सहज ढंङ्गले निर्वाद ढंङ्गले अगाडि बढ्नेछ र धेरै भन्दा धेरै विधेयक यसले पारित गर्न सक्नुपर्छ भन्ने सन्दर्भबाट म यो ठाउँमा पुगेको थिएँ र म फेरि फर्किएँ कि यो विधेयक अधिवेशनमा सरकारले अलि बढी जोड अब अहिले आखिरी आखिरी हुन लाग्यो। नवौं अधिवेशनमा हामी सहभागी छौं। अब दशौं अधिवेशन पछि हामी बिदा हुन्छौं। समय त छैन। यतिन्जेलको पाँच वर्षको अब साँढे चार वर्ष भन्नुपर्ने भैसक्यो । यो अवधि सम्म हामीले के गऱ्यौं भनेर हाम्रो इतिहासतिर फर्कन जरुरी छ। साँच्चै सरकार बन्न आवश्यक सरकार बन्न  भन्ने गरेको छु मैले । यो सरकार बन्नको निम्ति प्रदेश सरकार बन्नको निम्ति आवश्यक कानून निर्माण गर्न हामी कति सक्यौं? यो मैले विभिन्न फोरमहरुमा उठाइराख्याछु र जे होस् ती अधुरा कामहरु बाँकी कामहरु यो अधिवेनमा हामीले पूरा गर्नुपर्ने हुन्छ । मुख्य कुरा जोड दिनुपर्ने कुरा के छ भन्दाखेरि यो संघीयताको कार्यान्वयन । संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन समग्रमा यो भन्न सक्छौं तर मुख्य रुपमा संघीयताको कार्यान्वयनको निम्ति आवश्यक पर्ने कानूनहरु निर्माण गर्न सरकारले जोड गर्नपर्छ। सरकारले यी विधेयकहरु निर्माण गर्न सक्नपर्छ। अब त्यस सन्दर्भमा अब प्रदेश निजामती कर्मचारी ऐन अब यो कता परिराखेको छ भनेर अब मैले यहाँ अलि झक्झक्याउन पनि आवश्यक छ भनेर लागिराखेको छ र त्यसैले  यो साझा अधिकारका सूची, साझा अधिकारका सूचीका बारेमा त हाम्रो पहलै पुगिराख्या छैन। यो साझा अधिकारका सूचीका सन्दर्भमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न जरुरी छ। यसमा हामीले हस्तक्षेप गरेर अगाडि जान जरुरी छ। कुरा के रह्यो त भन्दाखेरि संघ सरकारले साझा

अधिकार सूचीसँग सम्बन्धित कानून बनाओस् अनि हामी बनाऔंला भन्दै पर्खने हो भने यो हामी सधैं पछाडि परिनेवाला छ र संघीयता कार्यान्वयनको एउटा अवसर पाएको यो प्रदेश सभा पछुताउनु बाहेक यसको भागमा केही बाँकी रहने छैन भन्ने मलाई लागिराखेको छ। यो विषयमा विशेष पहल लिन जरुरी छ र सँगै, सँगै अलि बढी अब संघ सरकारसँग पनि, संघ सरकारसँग पनि हामीले अलि बढी बहस गर्नुपर्ने जरुरी छ। मैले अघि नै भनें हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुछ जरुरी छ। हस्तक्षेपकारी बहस गर्न जरुरी छ त्यो रुपले अगाडि जान जरुरी छ र सँगै संघ सरकार के गर्ला जोड त हामीले संघ सरकारलाई नै दवाब श्रृजना गर्ने कुरा हो। यो मौलिक हक कार्यान्वयनको सन्दर्भमा हो हुन त हो मौलिक हक बनेको जब त्यसलाई मौलिक हक भनेर लेखिन्छ त्यो स्वतः कार्यान्वयनमा जाने कुरा हो। नामै त मौलिक हक, मौलिक अधिकार तर हाम्रो संविधानमै लेखियो तीन वर्षभित्र कानून बनाउने । अब त्यो तीन वर्ष बित्या त कति भै सक्यो। यो मौलिक हक कार्यान्वयन गर्ने कुरामा हाम्रो प्रदेश सभाको अर्थात् प्रदेश सरकारको पहल तिव्रतामा पहल लिन जरुरी छ। यो मौलिक हक यी ३१ वटा मौलिक हक कार्यान्वयन हुने भनेको कुरा हामीले जुन व्यवस्था ल्यायौं संघीय लोकतान्त्रिक गणतन्त्र सामाजिक न्याय सहितको संवृद्धिको अपेक्षा सहित त्यसको निम्ति सामाजिक न्याय सहितको विकास र संवृद्धिको निम्ति यदि यो मौलिक हक ३१ वटा मौलिक हक कार्यान्वयन गर्न सक्ने हो भने अब त्यो प्राप्त हुन्छ भन्ने लागेको छ। यतातिर विशेष हाम्रो ध्यान जान जरुरी छ। मैले अब यो विधेयक अधिवेशनको सन्दर्भमा यति कुरा भनें र अब सरकारको सन्दर्भमा पनि केही भन्नैपर्ने हुन्छ।

अब सरकारको सन्दर्भमा के देखियो त भन्दा यहाँ अगाडि पनि उठ्यो म यो रोष्टमबाट भनिराख्याछु लाइराख्याछ कि अत्यन्त तिब्र गतिमा हस्तक्षेपकारी भूमिका सहित अगाडि बढ्न जरुरी छ। यसमा कहीं यसमा कमीकमजोरी नहोस् भन्ने अब हाम्रो चाहना छ।अपेक्षा छ तर गति सरकारको गति मन्द नै छ। कहाँ अड्कियो कहाँ अल्मलियो भनेर चिन्ता जाहेर गर्नुपरिराख्या छ। म पटक पटक भेटिराख्याछु अलमलिएको यो

तिव्रतामा गइराख्या छैन। वार्षिक बजेटको कुरा भयो, हाम्रो योजनाको कुराहरु भयो त्यो कार्यान्वयन भइराख्या छैन । होइन मलाई त कता कता लाग्यो मैले यहाँ भन्नैपर्छ हुन त हिजो संघ सरकार देख्याथ्यौं हामीले। सरकार कोही ६ महिने हुन्थे कोही वर्षदिने हुन्थे। कोही नौं महिने हुन्थे। व्युरोत्रयासीले टेर्दैन्थ्यो ६ महिने ९ महिनेलाई किन टेर्नसपऱ्याछ र भन्थ्यो त्यहाँ त्यो अनुभूति हुन्थ्यो। अब हिजो सरकारमा हुँदा पाँचै वर्ष चल्छ यो सरकार भनेरै होला छैन अलि मिल्या जस्तो लाग्थ्यो। अब यो बाँकी अवधि अब यो त थोरै अवधिको सरकार न हो भन्या हो कि व्युरोत्रयासीले, मैले व्युरोत्रयासीतिर पनि अब सचेत हुनको निम्ति त्यहाँ पहलकदमी त्यहाँ समन्वय सरकारको पुगिराख्या छैन कि भन्ने लागेको छ त्यसकारण मैले रोष्टमबाटै यो कुरा सम्झाउन चाहें। अब त्यता अलि पहल लिएर अलि बढी समन्वय गरेर हाम्रा योजनाहरु वार्षिक योजनाहरु तिव्रतापूर्वक कार्यान्वयन गर्न जरुरी छ म यो भन्न चाहन्छु र अर्को कुरा यी बनेका कानूनहरुको कार्यान्वयनको सन्दर्भमा कसैले हाम्रो कानून कार्यान्वयन गर्दिने होइन रहेछ यो देखियो नि त। कानून हामीले बनायौं प्रदेश सभाबाट भटाभट कानून बनाउने अनि कार्यान्वयन अरुले गर्दिन्छ कार्यान्वयन त यही सरकारले गर्ने हो हामीले नै गर्ने हो भन्ने कुरामा पुगेन यो छुट्यो छुटिराख्या छ । पाँच वर्ष यत्तिकै जाने हो कि आफैले बनाएको कानून आफैले कार्यान्वयन नगरेर हुन्छ? जाने हो कि एउटा चिन्ता पैदा भएको छ। यो विषयमा पनि सजग गराउन चाहन्छु र म यहाँ यो अवसरमा सबै सरकार पक्ष, प्रतिपक्ष सबै मिलेर नै यो हाम्रो उपलब्धि हो । हाम्रो उपलब्धि हामीले नै यसलाई व्यवहारमा लगेर यसको परिणाम प्राप्त गर्ने अर्थात् परिणामलाई देख्ने एउटा अवसर हामी आफैले लिनुपर्छ त्यसको निम्ति हामी सबै पहल गरौं र सँगै अलि हतारिन पनि पर्नेछ। मैले बजेट कार्यान्वयनको सन्दर्भमा भनें कि अब स्थानीय निर्वाचन आउँदैछ। साँच्चै त्यो स्वच्छ र स्वतन्त्र स्थानीय निर्वाचन हुने नै छ तर पनि त्यो आइसक्यो । हामीसित त्यति लामो अवधि अब फेरि त्यो स्थानीय चुनावले त केही न केही प्रभावित पार्छ नै । हो यो विधेयक अधिवेशनलाई त्यति नपार्ला किनकि करिव करिव हामीले

विधेयक अधिवेशन अन्त्य गरेका हुन्छौं स्थानीय निर्वाचन आउँदा र अर्को कारण बजेट अधिवेशनका लागि एक महिनाको समय राख्नुपर्ने कारणले पनि हामीले पक्कै पनि यो अधिवेशन त टुङ्ग्याइसकेका हुन्छौं तर पनि बजेट कार्यान्वयन यी आदि सन्दर्भमा भने अब त्यसले प्रभाव पार्न सक्छ यसकारण हामी सबै मिलेर अब सरसल्लाह गरेरै यो हाम्रो दायित्व अर्थात् हामीले निर्णय गरिसकेको यो संसदबाट पारित भइसकेको कुरालाई तिव्रतापूर्वक कार्यान्वयन गर्ने कुरामा सरकार अगाडि बढोस् यही अनुरोध गर्न चाहन्छु र अन्त्यमा फेरि यो विधेयक अधिवेशनको भव्यतापूर्वक सफलताको शुभकामना दिएर बिदा हुन्छु धन्यबाद नमस्कार।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म, माननीय प्रमुख प्रतिपक्ष दलका नेता तथा गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री  श्री पृथ्वीसुब्बा गुरुङलाई बोल्न समय दिन्छु।

## माननीय पृथ्वीसुब्बा गुरुङ

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सभाको यो नवौं अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। धेरै माननीयहरुले भनिराख्नभएको छ हामी झन् अन्यौलमा पर्‍यौं। के कुरा ठीक के कुरा बेठीक, के कुरा राष्ट्रघात के कुरा राष्ट्रबाद। एम.सि.सि. साँच्चिकै के थियो हामी चाहि अन्योलमा छौं। सत्तारुढ दलका माननीयज्यूहरु दुई वा तीन जनाले बोल्नुभयो। यो चाहि सम्मानित सदन अलमलमा पर्‍यो। एक जनाले भन्नुभयो एम.सि.सि. पास गर्ने कुरा राष्ट्रघात हो। एम.सि.सि. पास गर्ने कुरा राष्ट्रघात हो भने त्यो राष्ट्रघातलाई किन समर्थन गरेर बस्या फेरि त्यसकारण हामी अलमलमा छौं र दोश्रो कुरा अहिले चाहि हामी हाम्रो मुलुकको यो संघीयता कार्यान्वयनको पहिलो कार्यकालमा छौं हामी संघीयता कार्यान्वयन कुन किसिमले भैराख्याछ, कसरी भैराख्याछ, त्यसमा समस्याहरु के के छन् । संघीय शासन प्रणालीमा चाहि मैले बारम्बार भन्ने गर्‍याछु त दुईटा केन्द्र र तल स्थानीय तह त पहिला पनि थियो नि त। अठार सालदेखि त्यो अभ्यासमा कुनै न कुनै रुपमा ।

संघीय शासन नेपालमा लागू भयो भने एउटा मात्रै तपाईको एउटा मात्रै त्यसको संकेत भनेको यसको सार भनेको प्रदेश सरकार हो। यसकारण प्रदेश सरकारले जति प्रभावकारी ढंङ्गले काम गर्न सक्छ जति त्यसले आफ्नो औचित्य पुष्टि गर्न सक्छ जति त्यसले आफ्नो सामर्थ्य प्रकट गर्न सक्छ संघीयता बिरोधीहरुले त्यसलाई कडा जवाफ हाम्रै कामबाट दिने हो। त्यसमा हाम्रो धेरै चिन्ता देखिएन होइन। एउटा उखान छ नाच्न नजान्ने मुखियाको आँगन टेडो भन्या जस्तो। हामीले सतचालिस सालमा नै भन्याथ्यौं हाम्रो संविधान संसारकै उत्कृष्ट संविधान हो। त्यो संविधानको भावना मुताविक संविधानको मर्म मुताविक काम नगर्ने, काम गर्न नसक्ने त्यो संविधान २५/३० वर्ष भित्रै खारेज गर्न पर्‍यो हामीले अहिले हामीले भनिराखेका छौं फेरि लामो संघर्षबाट बलिदानबाट त्यत्रो त्यत्रो बिद्रोहबाट १९ दिनको जुन जनताको असाध्यै ठूलो जनबिद्रोह थियो त्यसबाट जुन संघीय लोकतान्त्रिक शासन प्रणाली हामीले स्थापित गर्‍याछौं यो शासन प्रणालीले जे जे यसको निर्वाचन प्रणालीको कुरा होला यसको शासन प्रणालीको कुरा होला यसमा तीन तहको सरकारको व्यवस्थापनको कुरा होला भन्दाखेरि हामी भन्न सक्छौं संसारमा चाहि अमेरिकनको संविधानमा नि छैन चीनको संविधान भारतको संविधान दुनियाँको सबैभन्दा लोकतान्त्रिक संविधान भनेको संम्वृद्ध संविधान भनेको संविधानमा नि यति धेरै मौलिक अधिकारको व्यवस्थापन छैन हामीमा छ त्यसकारणले अहिले चाहि हाम्रो संविधानमा भएको निर्वाचन प्रणालीको चाहि बिकल्पको कुराहरु खोज्ने बेला यहाँ शासन प्रणालीको बिकल्पको कुरा खोज्ने चाहि बेला भाछैन। यस बहुदलीय प्रतिस्पर्धात्मक संसदीय शासन प्रणाली जुन हामीले अबलम्बन गरेका छौं यसले चाहि आफ्नो औचित्य पुष्टि पाएको छैन । हामीले यसलाई कसरी बलियो बनाउने भन्ने कुरा हाम्रो आचरण त्यस तर्फ उन्मुख भएको छैन । हाम्रो व्यवहार त्यसतर्फ उन्मुख भएको छैन। पार्टीले काम गरेको छैन अनि अहिले अहिले नि संघीय संसदीय शासन प्रणालीको विकासमा राष्ट्रपतिय प्रणालीको वकालत गर्ने कुरा आएको जुन जे मा हो राम्रोसँग नगर्ने अनि फेरि अर्को कुराको विकल्प खोज्ने कुरा चाहि यो हतारो हुन्छ। यो

असम्भव कुरा हो अहिले। यसको सन्दर्भमा चाहि हाम्रो संसदमा बहस गरिराख्नु समयको बरबादी मात्र हो भन्छु मैले अहिले । आज हामीले चाहि जनतालाई सुख दिन नसकेको या संवृद्धिको अभियान सुरु गर्न नसकेको शान्ति सुरक्षा कायम गर्न नसकेको हाम्रो संविधानले हो ? यो पञ्चायती संविधान हो? यो निरंङ्कुस राजतन्त्रात्मक संविधान हो र ? यो जनताले निर्माण गरेको नेपालको सबैं राजनीतिक दलहरुले सहमतिका आधारमा निर्माण गरेको सबै भन्दा अहिले सम्मको चाहि कम्प्रिहेन्सिभ डेमोक्रेसी आधारमा सामाजिक न्यायमा पनि आधारित भएर, समावेशी लोकतन्त्रका मूलभूत पक्षहरुलाई पनि स्वीकार गरेर, जनताको घरघरमा सरकार पुऱ्याएर त्यसको व्यवस्थाको प्रत्याभूति गरेको संविधान होइन? अहिले हामी तपाईको संसदीय प्रणालीको सट्टा राष्ट्रपतीय खोज्यो भने धर्मनिरपेक्षताको नामा हिन्दुत्व खोज्यो भने के हुन्छ ? त्यसकारणले यसले यसलाई यो चाहि सार्थक संविधान हो, अर्थपूर्ण संविधान हो, लोकतान्त्रिक संविधान हो, संघीयतालाई प्रत्याभूति गरेको संविधान हो भनेर पनि हामीले व्यवहारमा देखाउनुपर्नेछ। अहिले अरु बिकल्प अरु गफ राख्ने बेला होइन यो त्यसकारणले पनि म अलमलमा छु। हामी आफ्नो आफूले यो चाहि संविधान त हामी सबै पार्टीहरु हामीले जन्माएको ब्रेन चाइल्ड हो यो। बच्चा चाहि उठ्न पाएको छैन अनि त्यो बच्चा चाहि हिँड्न सकेन भनेर कल्पना गर्ने कुरा प्रतिवाद गर्ने कुरा राम्रो होइन । दोश्रो कुरा हामीले कहीँ केही समस्यामा छौं भनेर हामीहरु साँच्चिनै पार्टीका नेताहरुको दास हौं हामी। हिजो सम्म नेताले यो राष्ट्रघात हो भनेर चाहि संसद गएर उफार्दा सम्म यो चाहि गर्नै हुन्न यो मुलुक चाहि खत्तम हुन्छ यहाँ अमेरिकन सेना आएर नाच्छ हाम्रो आँगन आँगनमा भनेर भन्ने हामी यहीका कार्यकर्ता हौं। तिनै दलका कार्यकर्ता हौं हामी । नेताहरु खसाखुसु गरेर आफ्नो सत्ता जोगाउनको लागि भित्र चाहि साँटगाँठ गरेर पास गरेको थाहै छैन तल चाहि प्रहरीसँग लडिराख्छ अनि त्यस्ता चाहि पार्टीको कार्यकर्ताले बोल्ने कुरा यस्तै हो। हामी अलमलमा छौं। हामी साँच्चै अलमलमा छौं। आफ्नो कन्भिन्सनको कुरा आफ्नो कन्साइडको रुपमा बोल्न पाइरहेका छैनौं हामी, त्यो बोल्ने हिम्मत पनि गर्दैनौं

हामी। अब आउने मुख्यमन्त्रीज्यूले के बोल्नुहोला नेपाली काँग्रेसको तर्फबाट त्यो त पछि सुन्न पाइएला । हैन ? त्यसकारणले मैले के भन्छु भने हामीले जुन आज यो नवौं अधिवेशन शुरु भएछ।म सवै सँग आग्रह गर्न चाहान्छु।नेपाली काँग्रेस पार्टि, नेकपा माओवादी केन्द्र,जनता समाजवादी पार्टि,राष्ट्रिय जनमोर्चा यहाँ त राष्ट्रिय जनमोर्चाको तर्फबाट उहाँहरू उपस्थित हुनुहुन्छ। नेकपा मसालै हो नी त्यो, भिक्षा माग्ने सङलो रूपमा जान लजाएर जोगीको भेषमा आएको।त्यो नेकपा मसालै हो नी।राष्ट्रिय जनमोर्चा भनेको त्यही रुप हो के।यस्तो संरचनाको बारेमा हामीले ४८(अटचालीस) सालमा लामो डिवेड गरेको हो नेकपा एमाले भित्र।यो वाहीयात कुरा हो।टाउको जमिनमुनी गाडेर खुट्टा देखाएर मेरो शरीर छ भन्ने कुरा कति अवैज्ञानीक कुरा हुन्छ।कति अव्यवहारिक कुरा हुन्छ।त्यो अव्यवहारिक कुरा गरिराखेका छौं हैन? त्यसकारणले म सवै सँग अनुरोध गर्न चाहान्छु। सफल व्यक्ति त्यो हो। सफल पार्टि त्यो हो। सफल नेता त्यो हो। जसले आफ्नो वरिपरीको सवै जनताहरुलाई आशावादीतामा आफ्नो पछि पछि हिंडाउन सक्छ।आशा जगाउन सक्छ, भरोसा जगाउन सक्छ, विश्वास जगाउन सक्छ।त्यो पार्टि साँच्चैनै जनताको पार्टि हो।त्यो पार्टि सफल पार्टि हो।त्यो व्यक्ति सफल व्यक्ति हो।अहिले त सवैको नेता गण्डकी प्रदेशको मुख्यमन्त्री माननीय कृष्णचन्द्र नेपाली हो।उहाँले आशा जगाउन पर्छ गण्डकी प्रदेशमा। उहाँको सरकारले विश्वास जगाउन पर्छ जनतामा। अव हाम्रो विकास हुने भयो।हाम्रो सम्वृद्धि हुने भयो। यो संघिय शासन प्रणालीको कारणले हामीले प्रदेशमा मूख्यमन्त्री पायौं। प्रदेशमा गण्डकी प्रदेश सरकार पायौं।यो कुनै दुई चार जना राजनैतिक कार्यकर्तालाइ जागिर दिन आएको सरकार होइन यो।यो त जनताको सेवा गर्न आएको हो।जनतालाइ शान्ति सुव्यवस्था गर्न आएको हो।जनताको मौलिक अधिकार माननीय ज्यूले भने जस्तै ३१-३२ वटा जो हाम्रो संविधानमा उल्लेखित छन ती मौलिक अधिकारको प्रत्याभुति,त्यसको व्यवहारत क्रियान्वयन यो सरकारले गरेर देखाउन पर्छ।अनि हाम्रो संघिय शासन प्रणाली प्रति जनताको विश्वास जागेर आउँछ।संघीय शासन प्रणाली प्रति प्रश्न उठाउने राजावादीहरु,

प्रश्न उठाउने निरंकुशतावादीहरु, यहाँ प्रश्न उठाउने हिन्दुवादीहरुलाई भनौं तिनीहरुलाई हामीले जवाफ दिनुपर्नेहुन्छ कि हामीले गरेको व्यवस्था साँच्चै नै राम्रो व्यवस्था हो,जनताको व्यवस्था हो।यो व्यवस्थाको विकल्प अहिलेनै खोजेर भौतारिदै हिड्नु पर्दैन भनेर हामीले जवाफ दिन सक्नुपर्छ।त्यो भएर जवाफ दिन हामीले सकेका छैनौं।त्यसकारण जनताहरु निराश छन।जनताहरु निराश हुनु भनेको हाम्रो यो व्यवस्था माथी प्रश्न उठ्ने कुरा हो।जनताको विश्वास भत्कने कुरा हो।हामीले भनेका छौं, मौलिक अधिकारको कुरा के भनेका छौं।मौलिक अधिकारको कुरा हामीले के भनेका छौं भने शुद्ध पिउने पानी धेरै परको कुरा हो होइन।आधारभुत खानेपानी पिउने जनताको मौलिक अधिकारको कुरा हो भन्न त हामी स्वच्छ पिउने पानी भनेका छौं।आधारभुत खानेपानी पिउनेको प्रवन्ध गर्नु सरकारको दायित्व हो, जनताको मौलिक अधिकार हो भने आधारभुत खानेपानीको प्रवन्ध गण्डकी प्रदेश सरकारको अघिल्लो सरकारले गरेको काम आज बजेटै कटौती गरेर के सन्देश दिन खोजेको हो।यो सरकार मौलिक हक विरोधी छ भन्ने सन्देश दिन खोजेको हो।जनताको मौलिक हकले के भन्छ।जनताले घर घरमा पानी पाउनु पर्छ भन्छ।त्यसैले गण्डकी प्रदेश सरकारले यो भन्दा अघिल्लो सरकारले के गर्यो।एक घर एक धाराको अभियान हामीले शुरु गर्यौं।संघिय सरकारले पनि गरेको थिएन। यो अभियान हामीले यहाँबाट शुरु गरेको हो।हामी सवैले शुरु गरेको हो। यो हामी सवैको गौरवको विषय थियो।गौरवको प्रोजेक्ट थियो।गौरवको कार्यक्रम थियो।तर त्यसमा एकपछी अर्को गर्दै अघिल्लो सरकारले गरेको भनेर वजेट काट्ने कुरा भयो। जनताको घरघरमा धारा पुग्ने कुरालाई वजेट काटेर हामीले जनतालाई के सन्देश दिन खोजेको।संघीय शासन प्रणालीमा यस्तै नालायक मान्छेहरुको नाटक खेलिरहन्छ भनेर सन्देश दिन खोजेको हो की? जनता प्रति कुनै विश्वास नभएको जनता प्रति कुनै सरोकार नहुने राजनैतिक दलको मात्रै सरकार छ भन्ने सन्देश दिन खोजेको हो की होईन हामी सवै यही प्रणालीलाई लडेर आएका सवै हौं भने हामीले यो सन्देश दिन चुक्न हुन्न।मेरो अनुरोध छ गण्डकी प्रदेश सरकार सँग जनताको मौलिक हकको प्रत्याभुति हुने कुनै

पनि कुरामा वजेटको त्रुटी गरेर या त्यो कार्यक्रम निषेध गरेर, हामीले आफ्नो औचित्य पुष्टी गर्न सक्दैनौं। जनतामा विश्वास जगाउन सक्दैनौं। अहिले त हाम्रो हुँदा हुँदा पाँचौ, छैटो पुस्ताका पनि हामीले मौलिक हक अधिकारमा दर्ता गरेका छौं अहिले। भन्दा भन्दा श्वच्छ हावामा बाँच्न पाउने अधिकार पनि हामीले लेखेका छौं। त्यो त जनताले मागेको पनि छैन अहिले सम्म। काठमाण्डौको चालिस लाख जनताले मुद्दा हाल्यो भने सरकार कहाँ पुग्छ होला? यति धेरै प्रदुषणमा बाँच्नु परेको छ। प्रदुषित हावामा वाँच्न परेको छ। त्यसकारणले हामीले मौलिक हक चाँही उल्लेख गर्दा ख्याल पुर्याउनु पर्छ कतिसम्म दिन सक्छौ सक्दैनौं। धेरै लेखिदिएर खुशि भयो। जनतालाई खुशि पार्ने भन्यो। अनि जनतालाई धोका दिने काम गर्छौं हामी। त्यसकारणले यो गण्डकी प्रदेश उज्यालो प्रदेश प्रत्येक घर घरमा बत्ती बाल्ने कुरा जनताको मौलीक हक अधिकार प्रत्याभुत गर्ने कुरा थियो। प्रत्येक घरमा धारा पुर्याउने कुरा जनताका मौलीक हक प्रत्याभुत गर्ने कुरा थियो। खाद्यमा आत्म निर्भर बनाउने कुरा खाना नपाएका जनता भोको पेटमा अन्न भर्ने काम मौलिक अधिकार जनताको मौलीक हकलाई हामीले प्रत्याभुत गर्ने कुरा थियो। हामीले भन्दै आयौ गास, वास, कपास पुरा गर्छौं। हिजो माग गर्यौं गास, वास, कपासको माग पुरा गरौं भनेर पुरा गर्ने ठाँउमा आँफै आईपुग्यौं। त्यो भनेको के त? भोको जनताको पेटमा हुनु पर्यो संघीय लोकतान्त्रीक गणतन्त्रको राप,ताप। नाङ्गो जनताको आङ्गमा आउनु पर्यो न्यानो कपडा भएर हाम्रो लोकतन्त्र, हाम्रो गणतन्त्र, हाम्रो गण्डकी प्रदेश सरकार देखिनु पर्यो। न्यानो कपडा नाङ्गो जनताको आङ्ग माथि पुर्याउने गणतन्त्र हुनुपर्यो। पुर्याउने सरकार हुनु पर्यो। अहिले रुस र युक्रेनको झगडा हाम्रो प्रदेशलाई त्यति धेरै सरोकारको विषय छैन होला। एमसिसिको सन्दर्भमा हामी छलफल चलाइरहेछौं। एमसिसि सझौता गर्ने विदेशी संघ संस्था सँग सझौता गर्ने कुरा अर्को देश सरकारसँग सझौता गर्ने कुरा संघीय सरकारको कुरा हाम्रो मुद्दा होइन। अव वोल्नै हुन्न चल्नै हुन्न भन्ने त होइन। आफ्नो एउटा एउटा दृष्टिकोण त आउला तर आजको हाम्रो आफ्नो एजेण्डा के हो? हाम्रो आफ्नो काम के हो? त्यतातिर हामी केन्द्रित हुन पर्यो। हामी त्यसरी केन्द्रित हुन सकेका छैनौं। हामी

कानून बनाउने कुरामा पनि ध्यान दिन सकेका छैनौं। गत वर्ष सरकारमा हुँदा खेरी तिन चारवटा कार्यक्रममा मैले भाग लिए। एउटा जेष्ठ नागरिक दिवसमा भाग लिए। साँच्चै जेष्ठ नागरिकको सवै देखभाल भत्ता अहिले केन्द्रिय सरकारले दिए पनि र स्थानीय सरकार मार्फत त्यो वितरण गरे पनि प्रदेश सरकारको कुनै साइनो सम्वन्ध नभएपनि हामी सँग त्यो जेष्ठ नागरिकलाई सम्मान गर्ने यो कार्यक्रम सवै व्यवस्थापन गर्ने गाँउ गाँउमा बृद्धा आश्रमको कुरा होला। गाँउ गाँउमा जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गर्ने कुरा होला। जेष्ठ नागरिकलाइ थप अरु के के सुविधा हामी प्रदेश सरकारले दिन सक्छ। ति सवै कुराको व्यवस्थापनको लागी त्यसको पनि एउटा ऐन चाँहिदो रहेछ भन्ने मलाई आभाष भएको थियो। त्यो शुरु गर्न नपाँउदै हामी बाहिर निस्कन पर्यो हैन। फेरी चिल्ड्रेनस डे आयो। चिल्ड्रेन डे को दिन वालवालीकाको दिवसको दिनमा पनि हामीलाई त्यहि भयो। वालवालीकाको काममा मैले संघीय सरकारमा एउटा मन्त्रालय छ। त्यसले कति हेरे होला तल तिन तहको सरकार भुइमा बसेको वालवालीकालाई दिउँसो खाजा चाँही चाउचाउ हाम्रो विनोद चौधरीको चाउचाउ कारखाना बाट ल्याएर एक पोका चाउचाउ बाँडे पछी आफ्नो सवै दायित्व पुरा भयो भन्ठान्छ। आजको हाम्रो वालवालीकालाइ चाँही प्रति सरकारको दायित्व त्यहि हुन्छ। हाम्रो भर्खर जन्मेको शिशुहरु विस,वाइस महिना पुगेको छ। प्रत्येक गाँउ गाँउमा शिशु स्याहार केन्द्र खोल्ने हाम्रो अभियान नै छ प्रदेश सरकारको। त्यसलाई पुरा गरेर मात्रै वालवालीका शिशुहरुको हेरचाह गर्ने कुरा उनिहरुलाइ शिक्षा दिने कुरा उनिहरुलाइ पालन पोषण गर्ने कुरा त्यो हाम्रो दायित्व भित्र छ। त्यसकारण त्यसमा पनि हामीले विधेयक बनाउनु पर्ने होला कानून वनाउनु पर्ने होला व्यवस्थापनको लागी हैन । दलितहरु त्यस्तै छन दलित कानून बनाउनु पर्यो भनेर कराय कराइछ। हामी माथीको शोषण उत्पीडन अहिले पनि छ। संविधानले भनेर मात्र भएन कानून निर्माण गर्नुपर्यो भोली कानून बनाएर मात्र पुग्दैन भोली व्यवहारमा कस्तो हुन्छ भन्ने कुरा दलितको अहिले सम्म अपेक्षा छँदै छ। त्यसलाइ पनि पुरा गर्न हामीले कानून बनाउनु पर्ने हाम्रो दायित्व छ। विधेयक बनाउनु पर्ने छँदै

छ। कस्तो विधेयक बनाउने हामी व्यापक रुपमा छलफल चलाउ हामी। हामी हामीमा कसले बढी चाकारी गर्न सक्यौं,दलाली गर्न सक्यौ भन्ने यो चाँही संसदको कुनै उद्देश्य होइन। यसको दायित्व पनि होइन। त्यसकारणले हामी के गर्छौं त शिक्षा पाउनु प्रत्येक नागरिकको मौलिक हक हो भन्छौं। आधारभुत शिक्षा सम्मको माध्यामिक शिक्षा सम्मको व्यवस्था संघीय व्यवस्था संघीय अधिकार संवैधानिक व्यवस्था अनुशार स्थानिय तहलाइ दिएर। अव वहस चलाउनु पर्ने छ हामीले एक देखि वाह्र सम्मको पढाइ स्थानीय तहले दिएर हुदैन धेरै कुरा छन त्यसका माद्यामिक तहको शिक्षाको व्यवस्थापन प्रदेश सरकारलाइ दिन पर्यो। पार्टिहरुविच सहमति हुन पर्यो संविधानमा संसोधन गर्न पर्यो। आधारभुत शिक्षाको व्यवस्था स्थानिय तहलाइ, माद्यामिक तहको शिक्षाको व्यवस्था प्रदेश सरकारले गर्न पर्छ। यसको तर्क गर्न सकिन्छ, लामो तर्क गर्न सकिन्छ, धेरै तर्क गर्न सकिन्छ किनभने यो स्थानीय तहले मात्रै एउटा शिक्षकको वृति विकास कहाँनेर हुन्छ। प्रत्येक गाँउपालिकाले आफ्नो पाठ्यक्रम बनाएर शिक्षामा हामी कति धेरै विकेन्द्रिकरण डिस्पोज गर्न खोजेको शिक्षाको प्रणाली भने शिक्षाको गुणस्तरको कुरा होला। मास्टरको वृति विकासको कुरा होला। उनिहरुको पेशाको शुरक्षाको कुरा होला,मर्यादाको कुरा होला,सिलेवश पढाउने कुरा होला परिक्षा नियन्त्रणको कुरा होला प्रत्येक पालिका पालिकाले बाह्र कक्षाको परिक्षाको सञ्चालनको व्यवस्था गरेको छ संविधानले। त्यसलाइ व्यवस्थापन गर्ने त्यसको बारेमा चर्चा हुनु पर्छ। अनि वल्ल हामीले जनताको मौलिक अधिकारलाइ प्रत्याभुत गर्न सक्छौ र हामीले हाम्रो भागमा परेको मौलीक हकको व्यवस्थापन शिक्षामा के गर्न खोजेको हो भने हाम्रो प्रदेशमा पनि धेरै युवाहरु वेरोजगार छन। धेरै युवाहरु शिप विनाको शैक्षिक प्रमाण पत्र त छ तर शिपको प्रमाणपत्र छैन त्यसकारण त्यसलाइ प्रत्याभुति गर्ने काम प्रदेश सरकारको यो अभियान सो कल्ड यहाँ सिटीभिटी नगर्ने भएको हुनाले गण्डकी प्रदेशमा सिटिभिटीको सन्ताउन्न वटा भन्दा वढि त्यसका संस्थाहरु छन खोई अहिले सम्म समस्या भएको हामीले पहिलो वर्ष भनेका थियौं। हामी यो वर्ष छ हजार युवाहरुलाई निशुल्क शिप तालिम दिन्छौं। एक महिनाको तिन महिनाको छ महिनाको

नौ महिनाको परिस्थिती अनुसार र तिनीहरु विदेश जानुपर्यो भने पनि राम्रो शिप लिएर जाँदा खेरी उनीहरुले श्रीलङ्काको फिलीपिन्सको कामदार जस्तै नेपालीले उहि सरहको तलव भत्ता पाँउछ। सुरक्षित जागीर पाँउछ।तलव भत्ता बढी पाँउछ,सुविधा वढी पाँउछ।यहाँ वस्ने हो भने कुनै न कुनै उनीहरुले व्यवसाय गर्न सक्छन।कुनै न कुनै उद्यम गर्न सक्छ।आत्म निर्भर बन्न सक्छ,स्वरोजगारको सृजना हुन्छ। त्यसकारणले रोजगार र स्वरोजगारको प्रत्याभुति गर्नको लागी त्यो पनि मौलिक हक भित्र छ होला।हामीले चाँही गण्डकी प्राविधिक शिप तालिम केन्द्र प्रतिष्ठान भनेर स्थापना गर्यौं। त्यसको एकसय सात रोपनी जग्गा हामीले प्राप्त पनि गर्यौं।फेदीखोलाको वडानं१मा तर गण्डकी प्रदेश सरकारले सरकार परिवर्तन हुने वित्तिकै के गर्यो।कर्मचारीको तलव भत्ता मात्र राख्यो अरु विकास वजेटको व्यवस्था गरेन त्यो त गरेन गरेन ल। कोइकामा हामीले निवेदन दिएको कोइकामा दिएको निवेदनमा के भन्या थियो। हामीले विस सालमा दिएको तपांइहरुको वाईस सालमा हुन सक्छ भनेको थियो।२१ सालमा पनि सम्भावना छ भनेको थियो त्यस्तै पर्यो भने २३ सालमा जान सक्छ भनेको थियो।यसपटक मलाइ कोरियन उसका मान्छेले भने तपाईको सरकारबाट कुनै रेस्पोन्स नआएको हुनाले महानगरको शिप विकास प्रतिष्ठान त पर्यो तपाईहरुको गण्डकी सव टेक्नोलोजी यसपटक पार्न सकिएन।किनभने तपाइहरुको कुनै रेस्पोन्स आएन, कुनै चिठी नै आएन।हामी के गर्दैछौं।शिक्षा प्रतिको जनताको मौलिक हक रोजगारी सृजना गर्ने जनताको मौलिक हक प्रत्याभुत गर्दैछौं।त्यसको व्यवस्थापन गर्दैछौं। त्यसको सम्वर्धन गर्दैछौं।त्यसलाइ प्रोत्साहन गर्दैछौ की त्यसको विररुद्धमा लाग्दैछौं। त्यसकारणले गर्दा खेरी गण्डकी इनस्टिचीउट टेक्नोलोजी पहिलोको यो पृथ्वि सुव्वा गुरुङको नेतृत्वको सरकारले गठन गरेको हुनाले यसलाइ नचल्ने अवस्थामा पुर्याउनु पर्छ भनेर कुनै महानुभावले भन्नु भा छ।त्यस्तो सोच्नु भएको छ भने फेरी म दिलै देखि त्यस्तो सोच्नु भएको छ भने म मूख्यमन्त्री कुनै म आशङ्का गर्दिन।त्यस्तो कुरामा उहाँ प्रति म शंङ्का गर्ने कुनै ठाँउ छैन।सम्मान गर्छु उहाँलाई तर पार्टि सरकारको निती के हो त सरकारले त्यो

कामलाई अगाडी बढाउने की बढाउने? त्यो आवश्यकता हो की हैन? आवश्यकता नभए हामीले किन ऐन बनाएको। यही संसदले बनाएको हो। त्यसकारणले गर्दा खेरी यो चाँहि सवै चिजमा हाम्रो ध्यान जानु पर्यो। प्रदेश सरकारले ध्यान दिन पर्यो भन्ने लागेको हो। अरु त अरु इजरायली सरकार सँग यहि शिप सँग जोडीएर रोजगारी सँग जोडीएर इजरायली सरकार सँग इजरायली सरकारको राजदुतलाइ यहाँ मैले आमन्त्रण गरेर लमजुङबाट लमजुङमा आँउदा खेरी यहाँ आउँदा उहाँसँग मैले छलफल गरे। मैले मागे त्यो म भन्न सक्दिन तर एक बर्षमा २०१ जना गण्डकी प्रदेश वासी युवाहरुलाइ अन्डर टुवान्टी एट युवाहरुलाई प्लस टु गरेका अन्डर टुवान्टी एट युवाहरुलाइ इजरायलमा लगि दिन पर्यो यति धेरै खुशि भएर सहर्स स्विकार भयो उहाँले त्यसका लागि तालिम दिनु पर्यो प्रि तालिम इजरायल जान तालिम तिन महिना तलिमको लागी मैले के सोचे इजरायलको राजदुतले के भन्यो हाम्रो इजरायलमा पढेर आएका नेपालीहरु ७४ जनाले लमजुङको दुरा डाँडामा आर्व नेपाल कृषि फर्म खोलेर वस्या छ। तालिम केन्द्र अहिले त्यसैलाइ मानौंन हाम्रो गण्डकी प्रदेशको जिआइटी नचलुनजेल सम्म भनेर भनेको अहिले त्यो तालिम पनि छैन सेलेकस्न ए ब्याच सेलेक्सन भैसकेको थियो। कर्णाली प्रदेशको एक बर्ष ढिलो गरेको उनीहरु गैसके। हाम्रो सरकारले के गरेको छ। गण्डकी प्रदेश वासी हाम्रा युवाहरुलाइ जागीर दिन हुदैन भनेको हो की एजरायल पठाउन हुदैन। तिनीहरुले पैसा कमाएर आँउछ भनेको हो की। के गर्न खोजेको हो यो? त्यो अहिले त्यतिकै वेवारिसी भएर बसेको छ। अनि आर्वाका साथीहरुलाई भने मैले यो के भएको हो। खै के भएको हो के भएको। त्यसकारणले म गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु। यो हाम्रो कमसेकम एक हजार पाँच बर्ष भित्र हाम्रा बाबु नानीहरु र युवाहरु छोरा छोरीहरु इजरायल गएर सिप सिकेर आए भने एकजनाले कमसेकम अवको दिनमा एकजनाले एघार महिना बस्दा खेरी कमसेकम चुथ्थो एघार लाख नभए बिस पच्चीस लाख कमाएर आँउछ। एकछिनलाइ मान्नुहोस विस लाख कमाएर आयो। पैसा गण्डकी प्रदेशमा आँउछ। एघार जनाले शिप लिएर आँउछ। त्यहाँबाट जे

शिप सिकेर आँउछ त्यो शिप अनुसारको उद्यम गर्ने भनेको छ। यहाँ व्यवसाय गर्ने भनेका छौं। त्यसले हाम्रो खाद्यान्न दोब्बर पार्ने कुरा,उत्पादन दोब्बर पार्ने कुरा कृषिमा व्यवसायीकरण गर्दा हाम्रो राजश्व वृद्धि गर्ने कुरा र धेरै मान्छेलाइ स्वरोजगार रोजगारी सिर्जना गर्ने कुरा हाम्रो गरिवी निवारण गर्ने कुरा सँग जोडिएको यो विषय अन्देखा गरेको छ प्रदेश सरकारले मेरो गम्भिर प्रश्न छ। हामी भत्ता खान वस्या कि जनताको सेवा गर्न वस्या? जनताको सेवा गर्न वस्या हो भने यो जनताको सेवा गर्या पृथ्वि सुव्वा गुरुङले गरेको हुनाले हामीले यो कुरालाइ अगाडी बढाउन हुन्न। अघिल्लो सरकारले शुरु गरेको कुराहरु हामीले गर्नु हुदैन भने यस्तै काम गर्नुस नत अर्को तरिका देखाउनुस नत? अनि हामीले सेलेक्सन गरेको बच्चाहरुको चाँहि। कहाँ सेलेक्सन गर्दा खेरी हामीले मेरोटेक्रेसीलाइ गरेका रहेछौं। आधार मानेर सेलेक्सन गरेका रहेछौं की या पृथ्वी सुव्वा गुरुङले आफ्ना भाइ भतिजा आफ्ना गाँउका ठाँउका मान्छे राखेको रहेछ हेर्नु होला। भएन भने यसलाइ पिट फर्खाएर हिंड्ने फुर्सद गण्डकी प्रदेश सरकारलाइ छैन। म यो पनि भन्न चाहान्छु,गण्डकी विश्व विद्यालय हामी के भन्छौं गण्डकी प्रदेश सरकारको आफ्नो पहिचान के अरु छ वटा सरकार प्रदेश सरकार भन्छ गण्डकी प्रदेश सरकारको पहिचान के? गण्डकी प्रदेश सरकारको पहिचान त हामीले धेरै बनाएका छौं नी तपाइ हामी मिलेर यो कुनै एकजना व्यक्तिले बनाएको होईन। यो पृथ्वी सुव्वा गुरुङ्ले मात्र बनाएको होइन। यसमा कृष्ण चन्द्र पोखरेलको पनि योगदान छ। हरि बहादुर चुमानको पनि योगदान छ। पियारी थापाको पनि योगदान छ। हरिशरण जीको पनि योगदान छ। सवैको योगदान छ। त्यतिखेर सरकारमा हामी भएकोले शुरु पो हामीले गर्यौं त। त्यहाँको पात्र हामी भएकोले प्रतिनिधी हामी भएकोले हामीले पो शुरु गर्यौं त त्यो त सवै हामी हाम्रो ओनरशिप हुनुपर्छ सवैको। यो प्रदेश सभाको ओनरशिप हो। गण्डकी प्रदेश सरकारको ओनरशिप गण्डकी प्रदेश सरकार भनेपछि त गण्डकी वासी हो नी त। पच्चीस लाख जनताको हो नी कुनै अमुक व्यक्ति कुनै अमुक पार्टिको त होइन यो। त्यसकारण त्यस्तो हो भने त हामीले के सोच्नु पर्यो भने सवै कुराहरुमा हामीले यो हाम्रो साझा पहिचान हो

र पहिचानलाइ कसरी बचाउने। त्यसलाइ सेल गरेर गण्डकी प्रदेश कसरी सम्वृद्ध बन्ने कुरा चाँहि सम्वृद्ध बन्ने कुरा सोच्नु परेन। कुनै प्रदेशको आफ्नो विश्व विद्दालय छैन। यो भनेर हामी विश्व विद्दालय खोल्यौ भनेर घमण्ड गर्न खोजेको होइन। हामीले कमसेकम नयाँ विश्वविद्दालयलाइ नयाँ तरिकाले चलाउन खोजेको हो। त्रिभुवन विश्वविद्दालय कति वर्ष भैसक्यो म पनि त्यही विश्वविद्दालयको एउटा ग्रेजुएट हो। त्यसकारणले मलाइ त्यो विश्वविद्दालय प्रति गर्भ छ तर अहिलेको काम गरेको प्रति मलाइ दिक्क लाग्छ। त्यसकारणले हामीले फरक ढंगले सञ्चालन गर्ने एउटा विश्वविद्दालय खोल्न खोजेको हो। हाम्रो मूख्यमन्त्री कूल पति छैन। प्राज्ञ अनुमतिवाट हामीले कूलपति बनाएका छौं र त्यसले अहिले नेपालमा कहिं नभएको स्पोर्टस कार्यक्रम चलाएको छ। हामीलाई इथिजमको व्यवस्था पनि  यहाँ आइटी एउटा मूल विषय भएर आइसकेको छ। यो विश्वविद्दालयले एउटा शिक्षण अस्पताल कमसेकम पाँचसय शैयाको अस्पताल खोल्ने हो। उसको अभियान छ। जवकी गण्डकी प्रदेशमा सरकारको मान्यता प्राप्त यस सरकारी शिक्षण अस्पताल नभएको प्रदेश गण्डकी प्रदेश हो की होइन? त्यसको पूर्ताल हामी गण्डकी प्रदेश मार्फत नै गर्ने गण्डकी प्रदेश ले त्यो आफ्नो प्रदेशमा एउटा शिक्षण अस्पताल सरकारी शिक्षण अस्पताल सञ्चालन गर्ने काम त्यो गण्डकी विश्वविद्दालय मार्फत गर्ने भनेर हामीले अभियान शुरु गरेको हैन? त्यसमा कुनै एउटा पार्टिको अमुक के स्वार्थ हुन्छ के पहिचान हुन्छ। पहिचान त हामी सवैको हुन्छ नी त्यसले इनोभेटर सेन्टर खोलेको छ। कुनै युनिभर्सिटी त खोल्या छैन। कुनै नयाँ काम शुरु गरिसक्यो त्यसले त्यसकारण हामीले भन्दा खेरी हाम्रो गण्डकी विश्वविद्दालय छ। ग्लोरीयो युनिभर्सिटी गण्डकी युनिभर्सिटी प्राइड एण्ड ग्लोरी इन गण्डकी प्रोभिन्स। हाम्रो व्रेन चाइल्ड हो त्यो। हाम्रो दिमाखको उपज हो। हामीले स्थापना गरेको युनिभर्सिटी हो। तर त्यस्तो युनिभर्सिटीलाइ पनि तपाइले चाँहि,म अनुरोध गर्न चाहान्छु। त्यसलाइ सुके नास लागिसक्यो। पौष्टिक आहार नपाएर। त्यसलाइ हुर्काउन परेन त्यसलाइ वढाउन परेन त्यसलाइ पौष्टिक आहार खुवाउन परेन। त्यसले आफ्नो क्षमता देखाउन सक्न परेन। भोलिको रेसमा अरु युनिभर्सिटी त्यही रेशमा उ

पहिलो बनाउने हाम्रो अभियान हैन। त्यो अभियान हो भने त्यही ढंगले चलाउनु पर्यो न त त्यसमा पनि त्यस्तो देखिदैन। प्रदेशमा यस्ता थुप्रै संस्थाहरु छन। हामीले भन्यौ गण्डकी साइन्स इन टेक्नोलोजी कहिं पनि खोलेको छैन। यही खोल्यौ हामीले। त्यो किन खोलेको धेरै समस्याहरु छन हाम्रो उत्पादन सँग हाम्रो जीवन सँग जोडेर अव रिसर्चको काममा वढी जोड दिने। रिसर्च डेभलपमेन्ट गोज टुगेदर। जहाँ रिसर्च हुन्छ त्यहाँको डेभलपमेन्ट धेरै पर पर सम्म जान्छ दिगो चाँहि डेभलपमेन्ट हून्छ। आज हाम्रो चाँहि रिसर्च एण्ड डेभलपमेन्ट नभएर के भयो। हाम्रो पञ्चायत कालमा शुरु भएको बहुदल कालमा सकियो बहुदल कालमा बनाएको संरचना अहिले सवै फेल भैसक्यो। किनकि त्यहाँ कुनै अध्ययन थिएन कुनै रिसर्च थिएन। अवको विष वर्ष पछि मायग्रेसनको ट्रेन्ड किन के हुन्छ भन्ने कहिल्यै अध्ययन भएन। हिजो ...सेन्टरको डाँडो आज सवभन्दा बिकट वन्यो। अहिले त सवै वेशि झरी सक्यो मानिसहरु। हाम्रो हिजो बनेको स्कूलहरु सवै खारेज भयो सवै भत्काउन पर्ने भयो। हेल्प पोष्टहरु सवै भत्काउन पर्ने भयो। गा.वि.स. भवनहरु सवै भत्काउन पर्ने भयो। त्यसको आज खरवौं रुपैयाँ नोक्सान भएछैन। तल तल हामीले नयाँ सृजना गर्न पर्ने भयो। यो चाँहि रिसर्च विनाको डेभलपमेन्टको परिणाम यहि हो। कुनै योजना विनाको विकासको परिणाम यहि हो। त्यसकारणले हामीले के भनेका थियौं। रिसर्च एण्ड डेभलपमेन्ट सँग सँगै जानु पर्दछ कृषिमा कति धेरै समस्या होला। मैले सानो कुरा मात्र गरेको अव हामी भर्खर भर्खर केस लक लगाउने भनेर अलैंची खेति गर्याछौं। ......खेतिमा डडेलो शुरु भैसक्यो। तबाह भैसक्यो। नाक्स आँखा चिम्लेर बस्या छ। यो लुम्ले बृटिसहरु गएपछी त्यतिकै चिया खाने ठाँउ भएको छ। यस्ता यस्ता कुराहरु। सून्तला खेति गर्यो दश दश बर्ष लगाएर हुर्कायो। बल्ल दशौं बर्षमा यसो फल्न थाल्छ। अनि भाइसरको रोग लागेर सून्तलाको बगैंचा सुक्न थाल्दछ। माटो सवै भाइरस युक्त हुन्छ। त्यो के कारण हो त्यो हामी पत्ता लगाउन सक्छौं हामी। उदाहरण मात्र भनेको अलैंचीको डडुवा रोग सून्तलाको पनि डडुवा रोग खङ्गै सुक्ने रोग। यस्ता यस्ता रोगहरु सवै पत्ता लगाएर यो हाम्रो जीवन अझै सम्वृद्ध बनाउने। हाम्रो खाद्यान्नमा जे जे समस्या छ त्यसलाइ

क्वालिटी युक्त बनाउने। हामीले त्यो काम शुरु गर्न खोजेको। गण्डकी हामी सवैले भन्छौं प्रकृति र संस्कृतिको संग्रह हो भनेर तर प्रकृति र संस्कृतिको संगममा पर्यटनका माध्यमबाट संस्कृतिको माध्यमबाट हाम्रो यो सम्वृद्धिलाई प्राप्त गर्ने कुरालाइ जोडौं। प्राप्त गर्यौं भन्ने अभियानमा छौं हामी। त्यसकारणले गण्डकी प्रदेश नेपालको संस्कृतिको एउटा संगम स्थल हो। गण्डकी प्रसवण क्षेत्र यो चाँही सवै रैथाने नेशनल कल्चरल हेरिटेजहरु छन। इनटेन्जिवल एण्ड टेन्जीवल यी सवैको मुख्य थलो भनेको कहाँ भन्दा खेरी गण्डकी प्रदेश हो। गण्डकी सभ्यता हो। त्यसलाइ हामीले प्रवृद्धन गरेर हामीले अगाडी बढाउनको लागि आफ्नो संस्कृतिको संरक्षण पनि गर्ने त्यसको राष्ट्रियकरण पनि गर्ने र त्यसको माध्यमबाट सम्वृद्धी हाँसील गर्ने भन्ने हाम्रो प्रज्ञा प्रतिष्ठान पनि खोल्या छ। त्यो पनि सुकेनास लागेर हैरान भैसक्याछ। भिटामीन त सरकार सँग छनी। पौष्टिक आहार त सरकार सँग छनी। छोरा जन्मायो छोरी जन्मायो वच्चा जन्मायो अनि पौष्टिक आहार जति आफ्नो खल्तिमा हाल्ने अनि भिटामीन जति आफ्नो खल्तिमा हाल्ने अनि छोरा छोरीलाइ सुकेनासमा पार्ने अनि सम्वृद्धिको राप जप्ने । यस्तै भएन हाम्रो शैली यो शैली बदल्न पर्छ। यो मेरो कुनै आलोचना होइन। यो त सुधारको लागि मेरो सुझाब हो। त्यस्तो सुधार नगरिकन हामी अगाडी बढ्न सक्तैनौं। हामीले आफ्नो औचित्य सावित गर्न सक्दैनौ त्यसकारणले यो संघीय शासन प्रणालीको औचित्य सावित पुष्टी गर्ने वेलामा हामीले अत्यन्तै गम्भिर भएर साँच्चै नै संघीय शासन प्रणालीमा यी सवै कुराहरु गर्न सक्यौ भने हामीले त धेरै कुरा गरेर देखाएका छौं त नेपालको त्यो गण्डकी प्रदेशको प्रशासनिक ट्रेनिङ सेन्टरले एकाडमीले त्यो हाम्रो मोडल हो। स्टाफ कलेजले के भन्यो स्थानीय प्रशिक्षण केन्द्र सरकार अन्तर्गतको स्थानीय प्रशिक्षण केन्द्रले के भन्यो भने तिमीले बनाएको कोर्स ननगजटेड कोर्स एवान छ हामीले बनाउन परेन हामीले यसैलाई सिफारिस गरेर अरु छ वटा प्रदेशमा पठाइदिन्छौं। अरु छ वटा प्रदेशले हाम्रो प्रदेशले बनाएको कोर्स पढाउँदै छन। वि आर लिडर देम। हामी लिडर भयौं तिनीहरु फिडर भए। यो पनि गण्डकीको पहिचान होइन हाम्रो। गण्डकी सरकार,प्रदेश हरेक कुरामा श्रेष्ठ छ। हरेक कुरामा

उसले पहल कदमी लिएको छ। हरेक कुरामा उसले नेतृत्व गर्या छ भन्ने कुरा हामीले देखाउन खोजेको। त्यो काम त तपाइ हामीले गरेको हो। अहिले क्याप्टन पो फेरिएको छ त। हिजो म क्याप्टन थिए आज कृष्णचन्द्र जी हुनूहुन्छ। तर त्यो क्याप्टेनलाइ सहयोग गर्ने दायित्व हामी सवैको होलानी । कसैले बाहिरबाट भन्ने होला कसैले भित्रबाट भन्ने होला उहाँलाइ। सहयोग गर्ने होला। हामी अहिले बाहिर छौं। बाहिरबाट हामी सहयोग गर्छौं। तपाँइ भित्र हुनेहरुले राम्रो सँग सहयोग गर्नु होला। यो काम चाँहि राम्रो सँग हुनू पर्यो भनेर भने यस्ता धेरै संस्थाहरु छन ति संस्थाहरु अहिले वेहालमा छन। अमेरिकाबाट बेलायतबाट जर्मनीबाट मान्छे बोलाएर त्यसको प्रमुखहरु बनाएको छ। किनभने वि विरीभ इन मेरिटोक्रेसी। हामीलाइ बिश्वास के छ भने असल शासनलाइ असल मान्छे चाहिन्छ भन्ने राम्रा राम्रा मान्छे ल्याएर जर्मनीमा पढाइरहेको मान्छेलाइ साइन्स एण्ड टेक्नोलोजिको अध्यक्ष बनाएको छ। सिओ बनाएको छ हामीले। कोरियामा पढाइरहेको मानीसलाइ ल्याएर हामीले तालको सिओ बनाएका छौं। उ दिक्दार भएर गैनिसक्यो। सवै सवै मान्छेहरु आफ्नो क्षेत्रमा काबिल काबिल मान्छेहरु एवन मान्छेहरु हामीले ल्याएर स्थापना गरेको त्यसकारणले यी सवैको नाम लिंदाखेरी तिस बत्तिस वटा होला ति सवै गण्डकीको अरजिनल मौलिक संस्था तिनीहरु हुन। ति मौलिक संस्थाहरुले हाम्रो गण्डकीको पहिचान बोकेको छ र संघीय शासन प्रणालीमा मलाई एउटा कर्मचारीले भनेको कुरा कहिल्यै भुलेको छैन। लर्निङ नेभर इन्डीङ प्रोसेस हो। हामी जसले यो शिक्ने कुरा आफ्नो कलीग होला,आफ्नो सव कोर्डिनेट होला। आँफू भन्दा माथील्लो तहको मान्छे होला। दाँया वाँयाको साथीहरु होला। तिनीहरुले भनेको कुरा म ठूला नेताले मात्र भनेको मान्छु। यिनीहरुबाट भनेको कुराबाट म कहँ शिक्छु। स्यानो भइन्छ भन्ने हो भने कहिल्यै सिकीदैन। मैले एउटा कुरा सिकेकोमा के भन्दा खेरी संघीय शासन प्रणालीलाइ सफल पार्ने हो भने हाम्रो यो बार्षिक खर्च यो सत्तरी भन्दा कटाउन सकिएको छैन। त्यो भन्दा माथी बढाउने हो। हाम्रो क्षमताले हाम्रो सक्रियताले हेर्दा खेरी हामी पन्चानब्बे प्रतिशत कटाउन पर्ने हो तर त्यो कटाउन सकेका छैनौं। त्यसमा मैले भने त्यो हाम्रो संरचना नभएर

हो। संरचनामा मान्छे नभएर हो। त्यसमा श्रोत नभएर हो। अनि ति मान्छे पनि दक्ष र अनुभवी नभएर हो। त्यसकारण उहाँले के भन्नु भयो। त्यसकारणले यो संरचना बनाउन पनि मात्र नबनाउने माननीय ज्यू संरचना बनाएपछी तत्काल त्यहाँ काम गर्ने मान्छे खटाएर वजेटको व्यवस्थापन गरिहाले भने हाम्रो काम धेरै कार्यन्वयनमा जान्छ। हाम्रो काम धेरै कार्यन्वयन भएर सेवा जनताको घरदैलोमा पुगेपछी प्रदेश सरकारले आफ्नो औचित्य पुष्टि गर्न सक्छ। प्रदेश सरकार प्रति जनताको विश्वास जागृत हुन सक्छ। धेरै मान्छेको विश्वास जागृत भएपछी एउटा साथी खुशिको आँसु झारेर फुस्रे खोलामा पुलको शिलान्यास गर्न गएको थिए। यही छोरेपाटनको तिन किलो मिटर परको खोलामा बहुदल कालको तिस वर्ष भरी आफ्नो नेता कहिले काँग्रेसको नेता मन्त्री भएछन कहिले एमालेको नेता मन्त्री भएछ। कहिले माओवादीको नेता प्रधानमन्त्री भएछ। भन्याछ। भन्याछ। । भन्याछ। । । उसको तिस वर्ष त्यसै खेर गयो। तर संघीय शासन प्रणाली लागु भैसकेपछी गण्डकीमा प्रदेश सरकार बनेपछी प्रदेश सरकारको पहिलो शिलान्यास प्रदेश सरकारको मूख्यमन्त्रीले शिलान्यास गरेको पहिलो कार्यक्रम त्यो पूल थियो। त्यहाँका साथीहरु भाव विभल भएर भने वल्ल सरकार आए जस्तो वल्ल हाम्रो दुख देख्ने सरकार आएको जस्तो मेरा नेता त अर्कै छन तपांई हैन तर मेरो दिलको नेता तपांई हुनुभयो। मेरो आस्थाको सरकार गण्डकी प्रदेश सरकार वन्यो भनेर भन्नु भयो स्वागत गर्दा आँशु झार्नु भयो। यसरी गण्डकी प्रदेश सरकारले जनताको विश्वास जितेको हो। जित्ने काम शुरु गरेको हामीले। त्यो काम अहिले पनि जारी छ। त्यो जारी भैरहेको कामलाइ कमसेकम तोडमोड नगर्नुस न जनताको विश्वास भत्किने खालको जनताको आशंक हुने काम किन गर्नुहून्छ माननीय ज्यूहरु किन गर्नुहून्छ मूख्यमन्त्री ज्यू त्यो। त्यो काम अगाडी बढाए हामी सवैको इज्जत बढ्ने हो सवैको प्रतिष्ठा बढ्ने हो। त्यसकारणले यस कुरामा यस्ता धेरै कुराहरु छन ति मध्ये केही केही कुराहरु मैले भने होइन। त्यसकारणले म के भन्न चाहान्छु भने हामी अहिले जुन ठाँउमा उभिएका छौं। हामी माथी धेरै प्रश्न छ अहिले धेरै प्रश्न छ। सवै पार्टि भित्र एक गरी थोरै थोरै मान्छेहरु छन। अहिले बोल्न सकेको छैन

तिनिहरु। राजाबादि बोल्दीए हून्थ्यो भनेको छ। हिन्दुहरु बोल्दिए हुन्थ्यो भन्याछ। कट्टर हिन्दु वादीहरु आधा त हिन्दु हु म पनि। तर चाँहि हिन्दुत्वको नाँउमा राजालाइ ल्याउन चाहाने शक्तिहरु जो सल्वलाउन थाल्या छ। त्यसले गर्दा खेरी संघीयता चाहिदैन,संघीयता खर्चिलो व्यवस्था भयो भन्ने अनि हामी चाँहि संघीयता खर्चिलो व्यवस्था भयो भन्दाखेरी त्यसको उत्तर दुइ ठाँउबाट दिनुपर्ने होला। यो त खर्चिलो भयो भने कुनै हामी संरचना नै नबनाउने हो भने कूनै संस्था स्थापना नगर्ने हो भने हाम्रो खर्च हुदैन। हामीले काम गर्ने साधन हुदैन। हामीले काम गर्ने ठाँउ हुदैन। काम गर्ने ठाँउ नभएपछी त्यसले आफ्नो औचित्य सावित गर्न सक्तैन। तर त्यसो गरिरहँदा खेरी खर्च पनि गर्नु पर्ने छ। कुनै कार्यालय खोलेपछी खर्च बढ्छ। कर्मचारी राख्नु पर्यो कार्यालय खर्च बढ्छ। तर त्यो चाँहि न्यूनतम रुपमा कम भन्दा कम खर्चमा धेरै भन्दा धेरै काम गर्ने संरचनाहरु हामीले निर्माण गरेर प्रदेश सरकार या प्रदेश सरकार एउटा अतिरिक्त थप सरकार अहिले संघीय शासन प्रणालीमा आएको छ। यो सरकार कुनै बोझ हैन। यो सवभन्दा आवश्यकता हो। उत्पादनको हिसाबले उत्पादकत्वको केन्द्र प्रदेश सरकार हो। रचनाको केन्द्र प्रदेश सरकार हो। गरिवी निवारणको महत्वपूर्ण भुमिका निर्वाह गर्न सक्ने प्रदेश सरकार हो। भौतिक पूर्वधारको संरचनाको निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने प्रदेश सरकार हो भनेर केन्द्र सरकारलाई हामीले उसले हामीलाई देखाइरहेको जुन बैर भाव छ। त्यसलाइ दवाव दिनको लागि हामीले आफ्नो गतिविधि बढाउनु पर्ने छ। आफ्नो काम चाँहि बढाउन पर्ने रहेछ। हामीले भनेका छौं भने त्यो कुरा हामीले सिकेर अब त हामी अली अली माथी आइसक्यौंनी। अली अली हुर्की सक्यौंनी। चार वर्षको भैसक्यौं हामी। हामी भर्खेर जन्मेर चार वर्ष त भैसक्यौ। अहिले हामी अलि अलि हिंड्न सक्ने भएका छौं। अली अली हामी बा आमाको कुरा बुझ्ने भएका छौं। त्यसकारणले हामीले उनीहरुलाइ भन्न पर्छ। प्रदेश सरकारलाइ अव चाँहि कति तिस लाख पैंतिस लाख अरब हैन। मिनीवम पचास अर्वको सिलीङ राख्नु पर्छ प्रदेश सरकारले अब प्रदेश सरकारले पचास अर्वको सिलीङ राख्दीयो भने प्रदेश सरकारलाइ धेरै काम गर्न सक्छ। किनभने त्यो काम गर्ने

संरचनाहरु त्यो काम गर्ने मानविय संसाधनहरुको व्यवस्थापन हामी सँग छ।एकखालको हामी सँग प्रशासनिक अनुभव पनि भयो अव हामीलाइ त्यसकारणले त्यो पूष्टि गर्न सकियो भने हामीले पछी धेरै काम गर्न त्यसको लागी हामीले के गर्नु पर्ने छ भन्देखि अहिले चाँहि हामीले अन्धा धुन्दा जनताले देख्दाखेरी जनताको अरुचि हुने खालको बिषयहरु धेरै अतिरिक्त तडक भडक खर्चका तडक भडकहरु अनावश्यक रुपमा खर्च गर्ने कुराहरु अब यहा चाँहि हाम्रो प्रदेशमा दश एघार बाह्रै चाँहि होला हैन।कोइ कोइ प्रदेशलाइ अठार उन्नाइस भनेको छ।उनीहरुको हिसाबले उनीहरु बाईस वटा मन्त्रालय बनाउन सक्ने संवैधानिक प्राव्धान छ।संवैधानीक प्रवधान छ भनेर हामीले त्यो व्यवस्थापन गर्न हामीले त्यो गर्या हो भने ठिक छ।त्यसको क्षमता बढाउन लाग्या हो भने ठिक छ तर भागबन्डा मिलाउनको लागि कसैलाइ मन्त्री बनाउनको लागी कसैलाइ गाडी दिनको लागि कसैलाइ झण्डा हल्लाइदिनको लागि बनाएको हो भने त्यो चाँहि संघीयता प्रणालीको बदनाम त्यसले गरिरहेको छ।त्यसकारणले गर्दाखेरी संघीय प्रणालीको यस्तो बदनाम गर्ने यो धेरै गाडिहरु अन्धा धुन्दा चलाएर जनताको पसिना माथी खेलवाड गरेको छ भनेर हल्ला गर्नेहरुलाई बल मिलेको छ।त्यस कारणले संघीय शासन प्रणाली बदनाम हुने खालको क्रियाकलाप,कार्यकलाप या त्यस्तो कार्यशैली हामीले नगरौं।ताकी प्रश्न नगरोस जनताले हामीलाई यिनिहरुले मरेर मेटेर पसिना बगाएर दिन रात नभनेर जनताको सेवामा लागेको छ। संघीय शासन प्रणालीको औचित्य पुष्टि गर्न लागेको छ।विकास यिनिहरुबाटै सम्भव छ।विकास त्यो बेला हुँदो रहेछ।हामीले कुनै पूर्वाग्राह नराखिकन भन्ने हो भने हामी कहिले प्रतिपक्षमा कहिले सत्ता पक्षमा होला तर अठ्ठाइस पच्चीस बर्ष बहुदल कालमा हामी कुनै न कुनै बेला सरकारमा छौं धेरै या थोरै काँग्रेस सत्र अठार बर्ष भए होला अरु थोरै वर्ष भए होला।तर त्यो सत्ताइस पच्चीसले तिस वर्ष सम्मको अवधिमा सतचालीस साल देखि चौरहत्तर सालको अवधि भित्र हामीले हेर्दा खेरी हामीले के देख्छौ त्यो सत्ताइस अठ्ठाइस वर्षको विकास भन्दा भौतिक पूर्वाधारको हिसाबले अरु मानविय संसाधनको हिसाबले अहिले सम्म गन्दा चार वर्ष भित्रको

हिसाब किताब गर्ने हो तथ्याङ्क निकाल्ने हो भने त्यसको ..जितेका छौं।यसले जनतालाई विश्वास दिलाएको थियो।विकास अव सम्भव छ हाम्रै हातबाट अमेरीकाको डलर चाँहिदैन भारतको कम्पनी चाँहिदैन चाइनाको युवान चाहिदैन।जापानको येन चाँहिदैन भन्ने बिश्वास हामीले नै जनतालाइ दिलाउनु पर्छ यो जनतालाइ आशा जगाउन सकेको हुनाले भनीन्छ नी त जनतालाइ चाँहि एउटा भनाई नै छ हैन।अपटिमिस्ट सिज इन एभरी चेलेञ्जेस.आशाबादीले हरेक चुनौतिमा अवसर देख्छ।अनि निराशाबादीले पेसिमिस्ट सिज डिफीकल्ट इन एभरी चेलेञ्ज।हरेक चुनौतिमा निराशावादी मान्छेले कठिनाइ मात्र देख्छ,समस्या मात्र देख्छ।हामीले के गरेका थियौं हामीले जनतामा आशा जगाएका थियौं।जनताहरु आशाबादी बनेका थिए र जनताले के सोचे हरेक चुनौतिमा जनताले अवसर देख्यो।विकास हुन सक्दो रहेछ हामी विकास गर्न सक्दो रहेछौं।ठूलो च्यालेन्ज थियो हाम्रो लागि नाकाबन्दी हामीले के भन्यौ नाकाबन्दी सामना गर्न सक्नुपर्छ भनेर यो हाम्रो राष्ट्रलाइ अपमान गरेको कुरा हो हाम्रो संविधान हामिले बनाँउछौ भन्दा खेरी उनिहरुले हामी माथि लाग्यो नी हाम्रो घाँटी जवरजस्ती कसेको सुर्केनी हो यसलाइ चुडाल्न पर्छ भनेर भन्दाखेरी त्यो च्यालेन्ज भित्र हामीले एउटा अवसर सृजना गर्यौंनी त्यो अवसर के थियो भारतले अव हामीलाइ हेप्न पाँउदैन। भारत र नेपालको सम्वन्ध या चिन र नेपाल बिचको सम्वन्ध अब हामी भारतलाइ हेरेर चिन सँग सम्वन्ध गर्ने गर्न डराउन या चिनलाइ हेरेर भारत सित सम्वन्ध राख्न डराउनी या कहिले भारततिर ढल्कने या कहिले चिनतिर ढल्कने या कहिले अमेरीका तिर हुने होइन हामी कसैसँग हैन हामी सार्वभौम स्वतन्त्र मुलुक भएको हुनाले यो सार्वभौम स्वतन्त्र मुलुकले दाजुभाईको आधारमा हैन ठूलो सानोको आधारमा हैन धनि गरिवको आधारमा हैन सार्वभौम स्वतन्त्रताको आधारमा एउटाले अर्काको आन्तरिक मामीलामा हस्तक्षेप नगर्ने पञ्चशिलको सिद्धान्तको आधारमा युयन चार्टरको आधारमा दुई देश बिचको सम्वन्ध न्याय र समानताको आधारमा सम्वन्ध कायम हुन पर्छ भनेर त्यो कुरामा भारतलाई कन्भिन्स गर्ने कुरामा त्यो कुरामा चाईनिजलाइ कन्भिन्स गर्ने कुरामा त हाम्रो ठूलो अवसर हामीले प्राप्त गरेको हो

त्यसले ठूलो आशा जगाएको थियो। विकास हाम्रै हातबाट सम्भव छ। विकास नेपालीको हातबाट सम्भव छ। हामीले यो सृजना गरेको होईन। त्यसकारणले हामीले यो सृजना गर्ने कुरामा हाम्रो भुमिका हुनुपर्यो। हामी अहिले पनि सवै संकटबाट मुक्त भएका छैनौ अहिले पनि थुप्रै च्यालेन्ज छन हामी अगाडी कर्मचारीको अहिले पनि संघीय शासन प्रणाली मुताविक काम नगरेको च्यालेन्ज हामीसँग छ। अहिले पनि श्रोतको साह्रै अभाव हामीसँग छ। च्यालेन्ज छ। अहिले पनि हामीसँग अनुभवको साह्रै अनुभव त भैसकेको छैन। चालिस वर्ष पचास वर्षको अनुभव त हामीसँग छैन। दुई चार वर्षको अनुभव हो। अनुभव अझै पनि निखार्नु पर्ने च्यालेन्ज हामीसँग छ। अनि यहाँको बजारको मार्केटको माग अनुसारको जनशक्ति हामीसित छैन। त्यो स्थापना गर्नुपर्ने त्यो च्यालेन्ज हामीसित छ। यत्रो मौलिक संरचना निर्माण गरेका छौं। त्यसलाई हुर्काउनु पर्ने त्यसलाइ बढाउनुपर्ने त्यसलाई संरक्षण गर्नुपर्ने च्यालेन्ज हामीसँग छ। तर यो सवै च्यालेन्ज भित्र अवसर पनि छ। गण्डकी विश्वविद्धालय शिक्षण अस्पताल चलायो भने मिनिमम एक बर्षमा तिनसय पचास वेडको मात्र चलाउन सक्ने नब्बे करोडको आम्दानी गर्दछ। हाम्रो अध्ययनले तेही देखाएको थियो। त्यसमा करिब पचास करोड खर्च लाग्दछ त्यो अस्पतालको लागि चालिस करोड त हामीसित आम्दानी हुन्छ। त्यो चालीस करोडले त्यही युनिभर्सिटी चल्न स्कछ। फेरी अरु थुप्रै क्याम्पसहरु चलाउन सक्छौं हामी। अनि जीआइटी चलाउन सक्छौ त्यो पैसाले। त्यसकारणले यो चुनौति भित्र हामीलाई ठूलो अवसर पनि त छ। छैन हामीसित छ त्यसकारणले यो सवै चिज हामीले अगाडी बढाउने काम हामीले गरौं। अहिले हामी विधेयकहरु निर्माण गर्ने कुरा अहिले पनि भने मैले विधेयकहरु निर्माण गरौं विधेयक मात्र निर्माण गर्ने हैन कानून कार्यन्वयन गर्नुपर्यो तर कार्यन्वयन नै नगरीकन विधेयक म संसोधनको कुरा सुन्दैछु। कार्यन्वयन गर्ने कार्यन्वयन गर्दा कहाँ कहाँ हामीलाई सम्स्या पर्यो हाम्रो सम्वृद्धिमा त्यसले कहाँ कहाँ अबरोध गर्यो। हाम्रो कानूनको कतिपय कुराहरु हामीले अनुभवहिनताको हिसावमा बनाँउदा कमजोरी भए होलानी कानूनमा हुन्छ नी पूर्णरुपमा त केहि पनि हुदैन। पूर्ण केहि पनि छैन हरेक चिज। हरेक चिज समय सापेक्ष पूर्ण हुने

हो। निरपेक्ष पूर्ण केहि पनि हुदैन। त्यसकारणले गर्दा खेरी आजको दिनमा त्यो समय सापेक्ष परिवर्तन गर्नुपर्ने पनि हुन सक्दछ। त्यो पनि हामी गरौंला तर आज आवश्यक पर्ने नितीहरु बनाउनुपर्ने छ। हामी अझ सम्म पोलिसी ट्रानासपोर्ट छैन। अहिले सम्म हाम्रो टुरिजम पोलिसी बनेको छैन। हाम्रो प्रदेशको शिक्षा निती छैन। वाटर रिसोर्स पोलिसी बनेको छैन। जलश्रोतको निती बनेको छैन। संस्कृति निती,साहित्य निती,व्यापार निती,बाणिज्य निती यस्ता धेरै नितीहरु बनाउनु पर्ने छ त्यो नितीको आधारमा कानूनलाई व्यवस्थापन गर्नु पर्ने छ। त्यसकारणले नितिहरु निर्माण गर्ने धेरै कुराहरु दायित्व हामीसँग हुँदा हुँदै पनि विधेयक अधिवेशन हामीले धेरै ठूलो बनायौं। सरकारले धेरै ढिलो वोलायो। अस्ति मुख्यमन्त्रीलाई भने त्यसकारणले हामी के हेरेर बसेको छलफल गरौं पोलिसीहरु बनाउनुहोस पास गर्नुहोस। त्यसलाई अनुमोदन गरौं। यहाँहरु ऐनहरु बनाउँ। माननीयहरु त्यसै बसीराखेका छन। किन चाँही त्यस्तो। संसद चलायो भने सरकारलाई अप्ठायारो पर्छ भनेर डराउने होईन। संसदले त सरकारलाई निर्देशन पनि त दिने हो। दवाव पनि दिन्छ। सहयोग पनि त गर्छ। जनमत सृजना हुन्छ। त्यसकारणले यो काममा चाँही सरकार संसद एकाकर भएर जानु पर्छ। हामी सवै माननीय ज्यूहरु यही उभिएर यो प्रण गरौं की गण्डकी प्रदेश सरकारलाई सफल पार्न हामीले के के गर्नुपर्छ त्यो चाँही काम गरौं त्यस्तो कुरा जवरजस्ती हुनु चाँही हुदैन। त्यो सहमतीको आधारमा,छलफलको आधारमा सम्वादको आधारमा हुन्छ। विकासको लागि सहमती संघीयता कार्यन्वयनको लागी हाम्रो आम सहमती कायम गरौं। अहिले सम्म गण्डकी प्रदेश सरकारले त्यो काममा चाँही धेरै पाईला चालेको छैन। त्यो फेरी सुस्ताएको छ। त्यसकारणले त्यो कुरामा अगाडी बढ्नको लागी गण्डकी प्रदेश सरकारलाई हार्दिक अनुरोध गर्न चाहान्छु। पूर्ण एकपटक सवै माननीय ज्यूहरु यो महान अभियानमा सम्वृद्धिको यो महान अभियानमा हामी सवै सरिक हौं। यो कम्पास विनाको डुंगा चलाउनु हुदैन। कम्पास सहितको डुंगा चलाउनु पर्यो आफ्नो डेस्टिनेशन थाहा पाउनु पर्यो। त्यो डेस्टिनेशनमा कसरी पुग्ने कुरा आफ्नो सहयात्रा कसरी पुरा गर्ने भन्ने कुरा त्यही क्याप्टेनमा भर

पर्दछ। हामी सवैले त्यो क्याप्टन माथी बिश्वास गरौं। क्याप्टनले त्यस्तो व्यवहार गरोस भन्ने विश्वास गरौंन? आखिर कुरा त उहाँकै हो। यति कुरा राखेर म आफ्नो भनाई टुङ्गाउन भन्दा अगाडी पुन एकपटक यस अधिवेशनको पूर्ण सफलताको शुभकामना दिन चाहान्छु। र यो कोभिडको व्यवस्थापनको कुरा हामीले अस्पतालबाट व्यवस्थापनको कुरामा कहिले काँही हामी कर्मचारी हेरफेर गर्दा खेरी हाम्रा मान्छेहरु मरे। गण्डकीमा एउटा चाँही स्थिती गण्डकी प्रदेश सरकारले स्थापना गरेको हो। यो सरुवा रोग अस्पताल एवान छ कोभिडको विरामीको उपचारको लागी स्थापना गरेको। गण्डकीलाई जितेका थियौं मनिपाललाई जितेका थियौं। अरुलाई जितेका थियौं। हाम्रो श्रोत साधन कम थियो होला हाम्रो सिट संख्या कम थियो होला तर पनि हाम्रो डेडिकेसनले गर्दा हाम्रो कर्मचारीको डेडिकेसनले गर्दा हाम्रो रेखदेखले गर्दा त्यस्तो भएको हो। तर हामीले विचमा कर्मचारी चेन्ज गर्ने लहड चल्यो कर्मचारी चेन्ज गर्न खोज्दा दुइ तिन महिना खाली भयो। खाली हुँदाखेरी मान्छेहरु मरे। यो मान्छे मर्ने परिस्थिती बनाउनको लागी सरकार बनेको त होईन होला?यस कुरामा हाम्रो ध्यान जानु पर्थ्यो। त्यसकारणले यो कुरामा सवै कुरामा ध्यान दिँउ। यो कोभिडको व्यवस्थापनको लागी हामीले जुन चाँही अस्पतालको सुदृढिकरणको कुरा हामी सवैले भन्छौं समाजबाद उन्मुख व्यवस्था हो भन्छौं समाजबादमा त शिक्षा स्वाथ्य क्षेत्र त सरकारको हातमा हुने होला। सरकारको दायित्व भित्र पर्ने होला। त्यही दायित्व सरकारको हातमा ल्याउनु पर्छ भन्ने आधारमा र चाँही यो हेल्थ इन्सुरेन्स स्वास्थ्य विमालाई प्रभावकारी कार्यन्वयन गर्नको लागी हामीले स्वास्थ्य विमा दियौं। मरुभुमिमा वस्या छ। उसलाइ हामीले वल्छी दिए जस्तो। अस्पताल नै बन्या छैन डाक्टर नै छैन औषधी नै छैन अनि फलाना अस्पतालमा उपचार गर्न पाँउछौ भनेर चाँही हामीले स्वास्थ्य विमा लियौं। ३५००(पैतिस सय) तिर्यो भने तिमीले एकलाखको उपचार पाँउछौ भन्यौं। त्यो चाँही पैंतिस सयको हेल्प कार्ड लिएर गयो एकलाख त के दश हजार बराबरको औषधि पनि छैन त्यस्तो उपचार हुने डक्टर पनि छैन। इक्युपमेन्ट नी छैन। त्यसको लागि त्यही जानु पर्यो। हामीले इक्युपमेन्टले भरिपूर्ण

गर्नुपर्यो। औषधी बाह्रै महिना पाउनु पर्यो डक्टर हरु नर्सहरु बार्हैं महिना हुनु पर्यो। हाम्रो भौतिक संरचना त्यही अनुकुलको हुनु पर्यो। शिट संख्या बेडहरु त्यही अनुसारले हुनु पर्यो। त्यहाँ स्वास्थ्यको विविध प्रणालीको त्यहाँ चाँही स्वास्थ्य चौकी अस्पतालहरु हामी आँउदा के थियो सिटामल बाँड्ने यसो एउटा डक्टरले जाँच्यो अनि औषधी बाँड्ने मात्रै थियो। त्यहाँ चाँही के दाँतको उपचार गर्नु पर्दैन। आँखाको उपचार गर्नु पर्दैन। प्रसुतिको उपचार गर्नु पर्दैन। धेरैको उपचार हुन्छ नी अहिले हामी त्यो विविध उपचार गर्ने एउटा जिल्ला लेवलको एउटा व्यवस्थित अस्पतालको रुपमा डेभलप गर्न खोजेको छ गण्डकी प्रदेश सरकारले। हाम्रो सरकारले त्यो गरेको छ भने हामीले कुनै त्यसको गतिमा अवरोध सृजना गर्ने हुने हाम्रो कामहरुले त्यसले काम गर्न सकेको छैन। त्यो कामलाइ पनि अगाडी बढाउनु पर्यो। यो किनभने हामीले नेपाल सरकारलाई नमूना दिइरहेका छौं। जिल्ला अस्पतालहरु गण्डकी प्रदेशका जिल्ला अस्पतालहरु यस्तो हुनुपर्छ भनेर एउटा मोडल दिन खोजेका थियौं नेपाललाइ त्यो काम चाँही हामी अगाडी बढाँउ। यति कुरा राखेर म आफ्नो भनाई टुङ्गाउन चाहान्छु। धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म माननीय मूख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेललाई बोल्न समय दिन्छु।

## माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली, पोखरेल

सभामुख महोदय,आज हामी हिउँदे अर्थात विधेयक अधिवेशनमा उपस्थित भएका छौं र यो अधिवेशन आजबाट शुरु भएको छ। सर्वप्रथम म यो अधिवेशनको पूर्ण सफलताको कामना गर्दछु। सम्मानित सदनमा प्रमुख प्रतिपक्ष दलका नेता सहित माननीय जीहरुले अन्य दलका नेताजीहरुले समसामयिक विषयमा आफ्ना महत्वपूर्ण धारणाहरु राख्नु भएको छ र प्रमुख प्रतिपक्ष दलका नेताजिले लगभग एक घण्टाको समयमा धेरै प्रदेश सरकारलाई सूझाबयुक्त कुराहरु राख्नु भएको छ। त्यसलाई प्रदेश सरकार गम्भिरतापुर्वक लिने कुरा म सदन समक्ष राख्न चाहान्छु। बर्खे अधिवेशन सम्पन्न भएर हिउँदे अधिवेशन शुरु भएको यस समयमा समयका बिचमा मुलुकमा

खास गरी केन्द्रिय राजनितीमा विभीन्न राजनैतिक घट्नाक्रम सृजित भएका छन। सम्मानीय प्रधानमन्त्री शेरबहादुर देउवाको कुशल नेतृत्वकै कारण मुलुक असहज परिस्थितीमा जोगिन पुगेको छ। त यसका लागि सम्मानिय प्रधानमन्त्रीजीलाई धन्यबाद दिन चाहान्छु। साथ साथै प्रमुख प्रतिपक्ष दल नेकपा एमाले र सरकारमा सामेल नेकपा माओबादी केन्द्र,नेकपा समाजबादी सहितका दलहरुको सहयोग र भूमिका जुन रहयो म त्यसको लागि पनि हार्दिक धन्यबाद दिन चाहान्छु। मुलुकको राजनितीलाई स्थीर राख्दै संघीयतालाइ अझै मजबुत बनाउनु अहिलेको आवश्यकता हो। चाहे यस अघिको दुई तिहाइ नजिकको सरकार होस या अहिले नेपाली काँग्रेसको नेतृत्वको गठबन्दन सरकार होस संघीयता सुदृढिकरण अर्थात प्रदेश र स्थानीय तहलाइ अधिकार दिनुपर्छ भन्ने कुरामा उदार हुन सकेको छैन। संघीयता चिनीने र महशुष गर्ने नै प्रदेश मार्फत हो तर प्रदेश सरकार अस्तित्वमा आएको चार वर्ष वितीसक्दा समेत संघले कतिपय कानून नबनाइदिएकै कारण हाम्रा कामहरु अगाढी बढ्न पाएका छैनन। निजामती ऐन नआँउदा कर्मचारी साथीहरुको बृति विकास नै रोकिएको अवस्था छ। प्रहरी ऐन त ल्यायौं तर प्रयोगमा ल्याउन सकिएको छैन। यो हाम्रा कारणले होइन संघकै कारणले हो। छिटो भन्दा छिटो प्रहरी समायोजन गरेर प्रहरीलाई प्रदेश मार्फत पूर्ण रुपमा सञ्चालन हुँदा मात्र प्रदेश सरकारको प्रत्यक्ष अनुभुति हुने कुरा सर्वविदीतै छ। माननीय सभामुख महोदय प्रदेश सभामा प्रतिनिधीत्व गर्ने सवै दलहरु संघीयता मजबुत बनाउन एकजुट हुन जरुरी छ। हामी पनि चाहान्थयौ यस अघिको सरकारले पूर्ण अवधी काम गरोस। हामी प्रतिपक्षमै थियौं र जिम्मेवारपूर्ण रुपमा भुमिका पनि निर्वाह गरेका थियौं। राजनितीक घट्ना क्रमले नेपाली काँग्रेस नेतृत्वमा गठबन्दन सरकार सञ्चालन गर्ने जिम्मेवारी हाम्रो काँधमा आयो। हामीले अझै जिम्मेवार र सजक भएर प्रदेश सरकारलाइ अगाढी बढाउने काम गर्दै आएको म सभामुख महोदय मार्फत यस सम्मानित सदनमा जानकारी गराउन चाहान्छु। माननीय सभामुख महोदय,२०७८ जेष्ठ २९ मा हामीले सरकारको जिम्मेवारी लिइरहँदा कोभिड १९ को महामारी कायमै थियो। त्यसै माथी अविरल बर्षा सँगै बाढी पहिरोको प्रकोप थपियो। जसलाई हामीले प्रदेशको क्षमता अनुसार व्यवस्थापन गर्दै आयौं। निती तथा कार्यक्रम प्रस्तुत गर्नका लागी अत्यन्तै कम समय रहेको अवस्थामा हाम्रो सरकार बन्यो। सरकार बनेको पर्सिपल्ट निती तथा कार्यक्रम त्यसको भोलिपल्ट हामीले बजेट प्रस्तुत गर्यौं। प्रमुख प्रतिपक्ष दल नेकपा एमालेको

सदासयता पुर्ण सहयोगका कारण यो सम्भव भएको हो। यसका लागी म फेरी पनि धन्यबाद व्यक्त गर्न चाहान्छु। सरकारका काम कार्यबाहीले चुस्त पार्नकै लागि प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले यो अवधिमा दुई पटक सम्म सरकारको ध्यानाकर्षण गराएको छ। उहाँहरुको ध्यानाकर्षणले हामीलाइ थप जिम्मेवारी बनाएको छ साथै उहाँहरुले समावेश गर्नु भएका बिषयबस्तुलाई सामाथ्र्य अनुसार सम्वोधन पनि गर्दै आएका छौं। लोकतन्त्रमा विपक्षीले सत्ता पक्षलाई सजग बनाउनु धर्म हो भने विपक्षीका असल सुझाबहरुलाई कार्यन्वयन गर्नु सरकारको दायित्व हो भन्ने कुरालाई प्रदेश सरकारले आत्मसाथ गरेको छ। क्षमताले भ्याए सम्म हामीहरुले आफ्ना काम कार्यबाहीलाई जनमुखि र प्रतिफल युक्त बनाएका छौं। यस अवधिमा हामीले सम्पादन गरेका कार्यहरुले यसको पुष्टि गर्दछ। हामीले पर्यटन क्षेत्रलाई सम्बृद्धिको पहिलो आधार तय गरेका छौं। पर्यटन प्रवर्धनमा हामी केन्द्रित छौं। यसै विषयलाई मध्यनजर गरी गण्डकी प्रदेशको पर्यटन बिकासको सम्भावना अन्तराष्ट्रिय स्तरमा यस क्षेत्रको प्रचार प्रसारको लागी विश्व पर्यटन दिवस २०२१ को अवसरमा नेपाल स्थित विभीन्न विदेशी राष्ट्रका महामहिम राजदुत तथा अन्तराष्ट्रिय विकास साझेदर संस्थाका प्रमुख तथा प्रतिनिधीहरुलाई निमन्त्रणा गरी भ्रमण गराउने ऐतिहाँसीक कार्यक्रम गरिएको छ। संघीयताको कार्यन्वयन सँगै अस्तित्वमा आएका प्रदेश सरकारका विचमा अनुभव आदन प्रदान र पर्यटन प्रवर्धनका लागी हामीले विशेष पहल गरेका छौं। यसै क्रममा हाम्रो निमन्त्रणामा मधेश प्रदेशका माननीय मुख्यमन्त्री लालवावु राउत नेतृत्वको टिमले अशोज ६ गतेबाट ३ गते सम्म टिमले गण्डकी प्रदेशको सदभावना भ्रमण गरेको छ। उहाँहरुको निमन्त्रणामा मेरै नेतृत्वमा माननीय अर्थमन्त्री पर्यटन उद्योग बाणिज्य आपुर्त मन्त्री सहित अठार जनाको टोलीले यही फागुन २३ गते मधेश प्रदेशको भ्रमण गरेर फर्केको छ। प्रदेश सरकारले झेल्नु परेका समस्याका बारेमा हामीले यो भेटमा घनीभुत छलफल गरेका छौं। त्यति मात्रै होईन दुई प्रदेश बिच आर्थिक,सामाजीक,सांस्कृतिक सहकार्यका सम्भावनाका बारेमा छलफल भएको छ। पोखराबाट हालैका दिनमा जनकपुरधाम र धनगडीलाई हवाई उडान शुरु भएको छ। यस अघि सिमरा,भरतुर,भैरहवा सम्म हवाई सम्पर्क जोडिएको थियो। अब प्रदेश नं १ र कर्णाली प्रदेशमा पनि हवाई सम्पर्क कायम गर्ने प्रयासमा हामी जुटेका छौं। गण्डकीको पर्यटन पुनरुत्थान पूर्वाधारका लागी युएनडिपी सँग सहकार्य गर्ने गरी प्रस्ताव संघको अर्थ मन्त्रालयमा पुगेको छ। व्यवसायिक जीवन रक्षा कोषलाई अझै

प्रभावकारी बनाउन ख वर्गका बैंकहरुलाई समेत श्रण लगानी प्रकृयामा समेटने गरी कार्यविधी संसोधन गरिएको छ सोही अनुशार कोभिड १९ को जोखिममा परेका व्यवसायीहरुलाई निर्व्याजी श्रण दिने प्रकृया प्रारम्भ भैसकेको छ। माननीय सभामुख महोदय लोक कल्याणकारी राज्यको अवधारणा अनुसार नागरीकलाई अधिक सुविधा दिन सरकार आतुर छ। साथै विपन्न तथा निमुखाको आवाज बन्न सरकार लागिपरेको छ। प्रदेश भित्रका नागरिकलाई निशुल्क रगत तथा रगत जन्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। जनयुद्ध र जनआन्दोलनका घाईते,शहिद,वेपत्ता,अपाङ्गता भएका परिवारका सदस्यलाई प्रदेश सरकारका मातहतका अस्पतालबाट निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। स्वास्थ्य सेवालाई गुणस्तरिय र सर्वसुलभ बनाउने उद्देश्यले प्रदेश स्वास्थ्य निती जारी गरिएको छ। कोभिड १९ का कारण निधन भएका परिवारलाई प्रति परिवार पचास हजार रुपैयाँ र अभिभावक गुमाएका कोभिडबाट बादबालिकालाई मासिक पाँच हजार रुपैयाँका दरले राहत तथा मानविय सहायता उपलब्ध गराइएको छ। निती तथा कार्यक्रम र बजेटमा उल्लेख भए अनुसार प्रदेशलाई सडक आश्रित सहयोग अपेक्षित सडक मानव मुक्त गण्डकी प्रदेश घोषणा गरी तत्काल उद्दार र संरक्षणका कार्य भैराखेका छन। मानव सेवा आश्रम सँग सम्झौता गरी प्रति व्यक्ति प्रति महिना तिन हजार रुपैयाँ दिने निर्णय कार्यान्वयनमा गैसकेको छ। म यो सम्मानीत सदनमा माननीय सभामुख ज्यू मार्फत यो पनि जानकारी गराँउदछु की २९ जेष्ठ २०७८ मा मैले मुख्यमन्त्रीको सफथ लिएर पद बहाली गर्दा पहिलो निर्णय गरेको थियो। पाठेघरको मुखको क्यान्सर र स्तन क्यानसर निशुल्क गर्ने भनेर यसलाई कार्यन्वयनमा ल्याउन केहि समय लाग्यो। यहि फागुन १७ गते विपी कोईराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर सँग यसका लागी सम्झौता भइसकेको छ। प्रदेशमा सरकारले सहजै कोराना विरुद्धको खोप सञ्चालनमा ल्याएको छ। अहिले पनि सहज रुपमा हामीले खोप उपलब्ध गराँउदै आएका छौं। वाह्र बर्ष उमेर माथीका सवै अर्थात सत प्रतिशत कोराना विरुद्धको खोप लगाइसकिएको अवस्था छ। बुष्टर डोज पनि पन्ध्र प्रतिशत भन्दा बढीलाई लगाइसकेको अवस्था छ। हामीले प्रदेश शिक्षा निती जारी गरिसकेका छौं। प्रदेशको शैक्षिक गुणस्तर सुधारका लागी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालनमा ल्याइएको छ। प्रबिधीको प्रयोगबाट शिक्षाको गुणस्तर उकास्नका लागी हामीले अमेरिकामा बसेका नेपालीहरुको संस्था इक्वालिटी फाउन्डेसन सँग सहकार्य गर्ने

भएका छौं। गण्डकी विश्वविद्यालयले आइटी खेलव्यवस्थापन र फार्मेसीमा कक्षा सञ्चालन गरिसकेको र नयाँ शैक्षिक सत्रबाट वि.ए.एल.एल.वी. का कक्षा पनि शुरु हुदैछ। राष्ट्रिय  आविष्कार केन्द्रको सहयोगमा विश्व विद्यालय आँफैले आविष्कार केन्द्र सञ्चालनमा ल्याएको कुरा पनि म यस सदनमा जानकारी गराउन चाहान्छु। शिक्षण अस्पताल सञ्चालनका लागी समेत सम्भाव्यता अध्ययनको काम शुरु भएको छ र हाम्रो जुन संक्रामक रोग अस्पताल छ। प्रदेशको त्यसैलाई शिक्षण अस्पताल बनाउने भनेर यो प्रकृया अगाढि बढेको छ। एउटा टिम बनाएको छ र त्यसले काम शुरु गरेको अवस्था छ। धार्मिक तथा साँस्कृतिक धरोहरका रुपमा रहेको त्रिवेणी गजेन्द्र मोक्ष  दिव्यधाम क्षेत्र विकास समिति गठन भएको छ। जुन आदेश जारी गरि सो क्षेत्रको विकास गरी विकास र प्रवद्धनका लागी कार्य प्रारम्भ गरिएको छ। म स्मरण गराउन चाहान्छु की काली गण्डकी नदीको जुन एउटा महत्व हो काली गण्डकी प्रदेशको एउटा आस्थाकोत्यसैलाइ शिक्षण अस्पताल बनाउने प्रकृया अगाडी बढेको छ र त्यो एउटा टिम बनाएको छ। त्यसले काम शुरु गरेको अवस्था छ। त्यसैलाई शिक्षण अस्पतालको रुपमा बिकास गर्ने गरी एउटा टिम बनाएको छ र त्यसले कामको प्रकृया अगाडी बढाएको छ। धार्मिक तथा साँस्कृतिक धरोहर त्रिवेणी मोक्ष गजेन्द्र दिव्य धाम क्षेत्र बिकास गठन गरी सो क्षेत्रको विकास र प्रवर्धनको लागी कार्य प्रारम्भ गरिएको छ। म स्मरण गराउन चाहान्छु की काली गण्डकी नदीको जुन एउटा महत्व काली गण्डकी प्रदेशको एउटा आस्थाको केन्द्र हो सभ्यताको केन्द्र हो भन्ने कुरालाई मनन गरेर हामीले एउटा कार्यदल गठन गरेर समष्ठिगत रुपमा कालीगण्डकी प्रसवण क्षेत्रको विषयमा एउटा कार्यदल गठन भएर त्यसले एउटा प्रतिवेदन तयार गर्दैछ त्यो पनि यहाँ जानकारी गराउन चाहान्छु। प्रदेशको लाइफ लाइन कोराला त्रिवेणी सडकको दुम्किबास त्रिवेणी खण्डमा निकुञ्जको अवरोध हटाउनको लागी प्रदेश सरकारले बिगत चार वर्ष देखिनै प्रयास गर्दै आएको हो तर फाईल अगाडी बढ्न सकेको रहेनछ। चितवन राष्ट्रिय निकुञ्ज र त्यसको मध्यवर्ति क्षेत्रमा पर्ने भएको कारण ट्र्याक खोल्न बाँकी आठ किलोमिटर सडक खण्डको अवरोध अब हट्ने भएको छ। केन्द्रमा म आँफै पुगेर बन तथा वातावरण मन्त्रीलाई आँफै भेटेपछी माघ १७ गते नै सो निर्णय भैसकेको अवस्था छ। जसमा बातावरणीय प्रभाव मूल्याङ्कनको काम हुरु गरिहन्ल्ने र युनेस्को लाई लेखि पठाउने बातावरणीय प्रभाव मूल्याङ्कान र डिपीआर शुरु गर्ने र युनेस्कोलाइ लेखि पठाउने निर्णय भएको

छ। अव ति प्रकृयाहरु पनि शुरु भैसकेका छन। डेडगाँउ झ्यालवास सडक खण्ड डबल लेनको बनाउने काम शुरु भैसकेको छ। सम्मानित सदनलाई स्मरण गराउन चाहान्छु। विगतमा चार बर्ष सम्म इस्ट वेस्ट हाइवेबाट यहाँ डेडगाँउ नवलपुरको उत्तरी बेल्ट बाट कुन चाँही सडक हाम्रो फास्ट ट्र्याक प्रदेशको सवभन्दा छोटो सडक हो त्यो कुरो निरक्योल नभैसकेको अवस्था हामीले डेडगाँउ झ्यालबासलाई त्यो निर्णय गरेर अव डवल लेन बनाउने काम शुरु भेसकेको छ ठेक्का लागेर यसको शिलान्यास पनि भैसकेको छ। संघ सरकार सँगको समन्वयमा नवलपुरको बुलिङ टार स्थित अत्रौलीमा इलाका प्रशासन कार्यालय स्थापना हुदैछ किनभने पहाडी जनताको लागी त्यो जरुरी थियो। त्यस जिल्लाका पहाडी भेगका वासीन्दालाई अव शदरमुकाम जानु पर्ने बाध्यता अन्तय हुदैछ। माननीय सभामुख महोदय पोखराको सिलीङ्गमा प्रदेश गौरवको आयोजना अन्तराष्ट्रिय सम्मेलन केन्द्र बनाउनको लागी लगानी बोर्ड नेपालले प्रकृया आरम्भ गरेको कुरा म सदनलाइ जानकारी गराउन चाहान्छु। निजी क्षेत्रबाट हाम्रो क्षेत्रमा सञ्चालन हुने प्रदेशका गौरवका रुपलटारी तेइस आयोजनाहरु मध्ये उउटा मुक्तिनाथ केवलकारको वातावरणीय प्रभाव मूल्याङ्कनको काम अगाडी बढेको कुरा जानकारी गराउन चाहान्छु। पूर्वाधारको क्षेत्रमा हामीले सात अर्व लगानी गरिसकेका छौं। झोलुङ्गे पुल खानेपानी सेवा विद्दालय सुधार तथा लघु जलबिद्युतका लागी टिम गोर्खासँग समन्वय भैरहेको छ। थप प्रदेश गौरवका र अन्य आयोजनाहरु जग्गा प्राप्ती गर्न नसक्दा रोकिएका छन। यो सत्य हो ति प्रकृयाको सहजीकरणका लागी प्रदेश सरकारका माननीय मन्त्री कुमार खड्काको संयोजकत्वमा गठित समिती क्रियाशिल छ। यो अवधीमा हामीले प्रदेश श्रम निति ल्याएका छौं। अब छिटैनइ असंगठित क्षेत्रका मजदुरहरुको हितलाइ केन्द्रमा राखेर श्रम ऐनको तयारीमा सरकार जुटेको छ। यातायत क्षेत्रमा समेत हामीले उल्लेख्य काम गरेका छौं। प्रदेश सवारी साधन भाडा दर निर्धारण सिफारिस समिति गठन भई सो समितिले समयानुकुल भाडा दर निर्धारण गरेको छ। प्रकृया पुगेको दश मिनटमा नै अस्थाई लायसेन्स उपलब्ध गराउने देखि कागजातलाई डिजीटाइज गर्ने काम धमाधम भइरहेको छ। अनलाईन पेमेन्ट पनि शुरु भैसकेको छ। प्रदेशमा हालसम्म बनेका कानूनहरु अध्ययन गरी संविधान संघीय तथा अन्य प्रचलित कानून सित अनुकुल रहे नरहेको पहिलाई तिनमा सुधार तथा कार्यन्वयन योग्य बनाउन सिफारिस गर्ने उद्देश्यले प्रदेश कानून पुनर्वलोकन समिति गठन गरेका थियौं उक्त समितिले कार्य सम्पादन गरेको अवस्था छ। प्रदेश

सरकारका पदाधिकारी तथा कर्मचारीले प्रयोग गर्ने सवारी साधन र व्यवस्थापन परिचालन गर्ने मापदण्ड तयार गरी सिफारिस गर्न गठित समितिले अध्ययन गरी तयार गरेको प्रतिवेदन प्राप्त भैसकेको छ र पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल सहजीकरण समितिको गठन भएको र उक्त समितिले विमानस्थल शिघ्र सञ्चालनको लागी आवश्यक समन्वय र सहजीकरण गरिरहेको छ। काँहुखोला देखि विमानस्थल पुग्ने भल पानी व्यवस्थापन गर्ने काम शुरु भैसकेको र बिजयपुर खोलाको कटान रोक्नका लागी संघ सरकारले काम थालि सकेको अवस्था छ। पृथ्वी राजमार्गको स्तरोन्नतिको काम शुरु भैसकेको अवस्थामा पोखरा जामुने खण्डको काम पृथ्वी चोकबाट काम अगाडी बढाउन हामीले ठेकदार कम्पनी र सडक आयोजना सँग समन्वय गरिराखेका छौं। गण्डकी प्रदेश सरकारको स्थापना दिवसका अवसरमा गण्डकी रत्नको घोषणा हामीले गरेका छौं। सूचना प्रविधिको विकास विस्तारका साथै युनोभेसनमा लामो समय देखि क्रियाशिल गण्डकी प्रदेशकै म्याग्दीमा जन्मनु भएका महाविर पूनलाई उक्त सम्मान गर्ने निर्णय भएको म सदन मार्फत जानकारी गराउन चाहान्छु। यस अधिवेशनका क्रममा हामीले महत्वपूर्ण विधेयकहरु हामीले अगाडी बढाउनु पर्ने छ। यस अघि दर्ता भएका विधायन समितिमा छलफलमा रहेका विधेयक माथी व्यापक छलफल गरी सदनबाट पारित हुने विश्वास व्यक्त गर्दछु। सभामुख महोदय अहिले यिनै कुराहरु राख्दै हाम्रो यो सम्मानीत सदनमा केही कुरा उठेका छन। खासगरी त्यसलाई म क्लियर गर्न चाहान्छु। खासगरीकन यो आर्वा सम्वन्धि कुरा आर्वाको सम्वन्धमा निश्चीत रुपमा बजेट बिनीयोजन गर्दै गर्दा त्यो छुटेको हो र पछी कुरा भएर हामीले चौरहत्तर या पचहत्तर लाख कति हो त्यो खासगरी प्रमुख प्रतिपक्ष दलको नेता अहिले हुनुहुन्छ उहाले पनि त्यो स्मरण गराउनु भयो र हामी त्यहा अगाडी बढ्दा बढ्दै सायद यो बिचमा हामीसँग उहाँहरुको सम्पर्क किन हुन सकेन भने मलाइ लाग्छ हाम्रो त राजदुत फेरवदल भएको छ यो देशमा नयाँ राजदुत आइसकेपछी अब उहाहरु हालै मात्र एकजना व्यक्तिले हामीलाई सम्पर्क गर्नु भएको छ र हामी आतुर छौं। इजरायल जस्तो देश जुन देशले अहिले हैन २०१६ सालमा जतिखेर विपी कोईराला प्रधानमन्त्री हुनुहुन्थ्यो त्यतिखेर पनि नेपालका युवाहरुलाई तालिम दिएर खास गरी सहकारीको क्षेत्रमा सहयोग पुर्याएको त्यो मित्र राष्ट्र उहाँहरुको सहयोग लिने कुरामा प्रदेश सरकार दिल खोलेर त्यसको स्वागत गर्दछ यसमा कन्फुयजन नहोस हामी त्यसलाई अगाडी बढाउन चाहान्छौं। त्यस्तै यहाँ केही कुरा

आएको छ। त म के निवेदन गर्न चाहान्छु भने युनिभर्सिटीको जुन कुरा आएको कता कता अहिलेको सरकार परिस्थिती सँग अनुदार छ की हिजोको सरकारले थालेको कुराहरुमा अलिकति कन्जुसाइ गरेको छ की भन्ने किसीमको जुन कुरा यहाँ उठेको छ। म आश्वस्त बनाउन चाहान्छु गण्डकी प्रदेशको युनिभर्सिटी हामीले गौरवका साथ भन्छौं हाम्रो प्रदेश नै त्यो प्रदेश हो जसले युनिर्भसिटी स्थापना गरेको छ र उसलाई बजेटको विषयमा हामीले कुनै पनि मलाई लाग्छ उहाँहरु सँगै सोद्धै पनि यस्तो यस्तो छ भनेको अवस्था हो र मेडिकल कलेज खोल्ने विषयमा हामीले निर्णय गरेका पनि छौं। टोली बनाएका पनि छौ र युनिभर्सिटीले एउटा कार्यदल बनाएर एउटा रिपोर्ट दियो अब त्यो रिपोर्ट अगाडी बढाएर आगामी बजेटमा कोर्ष करिकुलमहरु पनि बनाएका छ त्यो आगामी बजेटमा हामी सम्पुर्ण कुराहरु गर्छौं हामी किनभने त्यो प्रदेशको पहिलो प्रतिवद्धता हो त्यस भएकोले यसमा अन्यथा भएको भन्ने कुरा हामीले नसोचौं भनने हामीले म अनुरोध गर्न चाहान्छु र अरु कुराहरु जुन छन जस्तो अहिले प्रशिक्षण प्रतिष्ठानले राम्रो काम गरिरहेको अवस्था छ। त्यस्तै सिटिभिटिको लागी फेदी खोलामा हाम्रो जुन स्पट तयार गरेका छौं। त्यसमा एउटा प्रशिक्षण विद्दालय बनाउनका लागी डिपीआर प्रकृयामा अगाडी बढिसकेको अवस्था छ र हामीले गण्डकी युनिभर्सिटीको सल्लाहमा गण्डकी युनिभर्सिटी बिद्दालयले यो सुन्तलाको रोग किन लाग्यो अघिनै जो प्रसङ्ग आयो त्यो रिसर्च गरेर एउटा रिजल्ट निकाल्नका लागी उहाँहरुले कार्य आरम्भ शुरु गर्नु भएको अवस्था छ। त्यति मात्रै होइन यो सदनमा पहिले पनि निस्केको हो र अहिले आवाज पनि आएको छ त्यो भनेको के हो भने अहिलेको जमनामा हामीले कमसेकम यो कोदोको रक्सी यसलाई बेण्डीङ्ग गर्नुपर्छ भनेर हिजो पनि यो सदनमा उठेको थियो। आज हाम्रो युनिभर्सिटीले त्यो परिक्षणको लागी पठाएको अवस्था छ। यदी त्यो इन्टरनेशनल मापदण्ड अनुसार त्यो निस्कीयो भने ब्राण्डेड त्यसलाई हामि अगाडी बढाँउछौं। अब त्यसको लागी केन्द्र सँग के समन्वय गर्न पर्ला भोली कहाँ के होला अर्को पाटो छ। त्यसमा म निश्चित रुपमा प्रमुख प्रतिपक्ष दलको एउटा सहयोगको अपेक्षा गर्दछु। साथसाथै वालवालीका सम्वन्धि विधेयक अव आइराखेको अवस्था छ र अर्को के हो भन्दा खेरी विगतको सरकारले थालनी गरेका कुराहरु हामी भन्ने गरेका छौं उज्यालो प्रदेश,एक घर एक धारा,मूख्यमन्त्री नमुना गाँउ यी सवै निरन्तरता भएको म जानकारी गराउन चाहन्छु। जहाँसम्म बजेटको कुरो हो म स्मरण गराउन चाहन्छु। हामीले तिस अर्वको

सिमा भित्र ल्याएको हुनाले सायद रेसियोमा त्यो बजेट तल माथी भए होला तर उज्यालो प्रदेशको लागी अव करिव करिव नवलपुरको उत्तरी बेल्ट पुरै ठेक्कामा गैसकेको अवस्था छ। यदी त्यो पुर्ण भयो भने शत प्रतिशत उज्यालो प्रदेश घोषणा गर्ने अवस्था छ। त्यस्तै एक घर एक धाराको पनि तेहि हो त्यसो भए हुनाले हिजो प्रारम्भ भएका प्रदेश गौरवका योजनाहरु या जनता सँग सम्वन्धित जो योजनाहरु छन त्यो हामी सोतह अहिलेको सरकारले त्यसलाई अपनत्व लिएर अगाडी बढाएको कुरो यसमा कंहि केहि भयो भने म अपिल गर्न चाहान्छु यो सरकारलाइ यहाँहरुले सचेत गरिदिनु हुनेछ यिनै कुराहरु राख्दै अब यो अधिवेशन यो जुन विधेयक अधिवेशन छ। यो अधिवेशनमा यो सभामा माननीय जीहरुबाट यहाँ प्रस्तुत हुने विधेयकहरुको बिषयमा छलफल गरेर एउटा राम्रो सँग समुधुर तरिकाले विगतको हाम्रो परम्पा अनुसार हामी अगाडी बढ्न सकौं र यो प्रदेश सभाको यो अधिवेशनको पूर्ण सफलताको कामना गर्दै विदा हुन चाहान्छु, धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु,अब यो बैठक २०७८ साल फागुन २८ गते दिनको १.०० बजे सम्मका लागि स्थगित हुन्छ।